# नेपालको जिल्ला प्रशासन पुनर्गठनको

# रिपोर्ट, २०१३

# १. प्रस्तावना

यो समिति (२३ डिसेम्बर, १९५६) २०१३ साल पौष ९ गतेको प्रशासन पुनर्गठन कमिसनको प्रस्तावद्वारा बनेको थियो । यस समितिले हप्ता दिनभित्रैमा रिपोर्ट पेस गरोस् भन्ने प्रधानमन्त्रीको इच्छा थियो, पछि एक हप्ता थप दिइयो । समितिले १२ ओटा बैठक गऱ्यो । एकपटक सचिवालयमा, एउटा डाइरेक्टर, इन्डियन एड प्रोग्रामको निवास स्थानमा र अरू जनसङ्ख्या आयुक्तको अड्डामा ।

अरू कर्तव्यहरूले गर्दा सदस्यहरूलाई पूरा समय यस काममा दिन सम्भव थिएन । विषय विशाल छ र प्रस्तावहरू तयार पार्दा धेरै कुराको विचार राख्नुपर्दथ्यो । पुराना परम्परा तथा व्यवहार र विकास योजनाहरूको लागि आवश्यकीय नयाँ बन्दोवस्त र विचारधाराहरूको बीचमा राम्रो समतोलन गर्नु गाह्रो थियो । आयुक्त (Commiossioner) को अधिकार एवं अधिकार क्षेत्र, जिल्लाहरूको सिमानाको संशोधन, उपक्षेत्र तथा विकास ब्लकहरूको सृजनाबारेमा पूरा विवरण तयार पार्नुपरेको थियो । नक्साहरू बनाउनुपरेको थियो । घर कोठाको हरहिसाब गर्नुपर्दथ्यो र विभिन्न पदाधिकारीहरूको निमित्त अड्डा र निवासस्थानका नमुनाका नक्साहरू तयार पार्नुपर्दथ्यो । लाग्ने खर्चको फाँट तयार पार्नुपरेको थियो । समय धेरै थोरै थियो अतःएव रिपोर्ट हतपतमा तयार भएको दर्साउने स्पष्ट चिह्नहरू छन् । यताउता बेढपका एकदुई कुराहरू, अस्पष्टता र सायद अरू दोषहरू हुने नै भयो । जे होस् विचार विमर्शको आधारको रूपमा यो रिपोर्ट समर्पण गरिएको छ ।

प्रत्येक थुम बेग्लाबेग्लै देखाइएको राम्रो नक्सा झिकी देखाउने जनसङ्ख्या आयुक्तको अड्डाबाट पाएको निकै ठूलो मद्दतको ज्ञापन गर्न यो मौका छोप्न हामी चाहन्छौँ । विभागका अफिसरहरू देशभर डुलेका र पहाड, पर्वत तथा नदीनाला, यातायातका प्राकृतिक बाधाहरू र चालू बाटाघाटासित परिचित थिए । तिनीहरूको सल्लाह ठूलो मद्दतको थियो । हामी श्री भक्तबहादुर रायमाझी, श्री पशुपतिप्रसाद शाह र श्री योगप्रसाद जसको सेवा श्री प्रधानमन्त्रीज्यूले हाम्रो मातहतमा राखिदिनुभएको थियो; प्रति हाम्रो धन्यवाद प्रकट गर्न चाहन्छौँ । परिशिष्ट र नक्साहरू तयार पार्न उनीहरूले कडा परिश्रम गरे ।

# २. जिल्ला प्रशासनको बनावट

नेपाल एक प्राचीन देश हो । यसको इतिहास वैदिक पौराणिक कालसम्म गएको छ । शताब्दीहरूको बीचमा धेरै वंशले यसमा राज्य गरे । राज्य सङ्ख्या र प्रत्येक वंशको राज्य विस्तारबारे हाम्रो ज्ञान कम छ । अवश्य पनि समय समयमा यो फरक भएको हुनुपर्दछ । हाल नेपाल नामले प्रसिद्ध क्षेत्रमा धेरै ससाना राज्यहरू थिए । अठारौँ शताब्दीको मध्यतिर गण्डक र कर्णालीको खातमा मात्र छयालिस राजाहरू थिए । नाम मात्रको जुम्लाको राजालाई मान्ने यिनीहरू बाइसे चौबीसे राजाका नामले प्रसिद्ध थिए । देशको पूर्वीय भागमा कोसी र यसको सहायक नदीहरूको खातमा पनि धेरै (राजाहरू) थिए ।

सन् १७६८/६९ तिर गोरखाका राजा पृथ्वीनारायण शाहले काठमाडौँ उपत्यकाका राजाहरूको प्रदेश लिएपछि नेपालको एकीकरण सुरू भयो । उनको राज्य पश्चिममा मर्स्याङ्दीदेखि पूर्वमा कोसी र विजयपुर, दक्षिणमा मकवानपुर र पूर्वी तराईसम्म फैलिएको थियो । उनको छोरा सिंहप्रतापको पालामा पूर्वतिर सिमाना अरू बढाइयो । १७७८ मा बालकै अवस्थामा सिंहासनारूढ रणबहादुर शाहको राज्यकालमा हद पुग्यो । रणबहादुर शाहका काका राजप्रतिनिधि बहादुर शाहले बाइसे चौबीसे राजा तथा कास्की, लमजुङ र तनहुमाथि विजय गराए । गढवाल र कुमाउ थपिए र सिमाना काङ्गडासम्म पुर्‍याइयो । पूर्वतिर सोमेश्वरसम्म सारा किरात प्रदेश अधीनमा ल्याइए । तिब्बतभित्र तासी ठुमरोसम्म २५७ मिल अघि बढाइयो । पाल्पा मिलाइयो । १८०४ मा रणबहादुर शाह नेपालको अहिलेको जम्मै प्रदेश र अरू परको पनि राजा थिए । सुगौलीको सन्धिको परिणामस्वरूप नेपालले महाकालीदेखि पश्चिमको सारा प्रदेश र सारा तराईको धार इस्ट इन्डिया कम्पनीलाई गुमायो । पछिबाट मित्रताको प्रतीक रूपमा तराई फर्काइयो । १८५७ पछि हालको कैलाली, कञ्चनपुर, बाँके र बर्दिया जिल्लाहरू बनेको तराईको नयाँ सुर्को पनि फर्काइयो । त्यस समयदेखि राष्ट्रको सिमानामा हेरफेर भएको छैन ।

राज्य विस्तार र एकीकरणको काम सिद्धिएपछि स्वभावतः काठमाडौँका शासकहरूको ध्यान प्रतिरक्षातर्फ गयो । तीन ठूला सैनिक जिल्लाहरू पूर्वमा धनकुटा गौँडा, बीचमा पाल्पा गौँडा र पश्चिममा डोटी गौँडा सृजना गरिए । प्रत्येक गौँडामा सयौँ राष्ट्रिय सैनिकहरू उच्च सैनिक पदाधिकारीको मातहतमा राखिए जसलाई पछिबाट बडाहाकिमको अधिकार दिइयो । तैनातवाला अफिसरले धेरैपछि मात्र बडाहाकिमको अधिकार पाए तापनि इलामलाई अलिपछि नै गौँडाको मान्यता दिइयो ।

सल्यान, प्युठान, दैलेख, बैतडी र जुम्ला यी पाँच प्रदेशहरू पनि छोटी गौँडा भन्ने साना सैनिक जिल्लाहरू बनाइए । सुरू सुरूमा सैनिक सेवाको निमित्त जनता तालिम गर्न रहेका यी क्षेत्रका मातहतका उच्च पदाधिकारीलाई बडाहाकिमको अधिकार दिइयो । सैनिक उपक्षेत्र जङ्गी परेठको रूपमा रही स्थानीय जनतालाई सैनिक तालिम स्थानीय मिलिसिया दिँदै गरेका चार पश्चिमी जिल्लाहरू : पश्चिम १ नं., २ नं., ३ नं., ४ नं. र चार पूर्वीय जिल्लाहरू : पूर्व १ नं. २ नं. ३ नं. र ४ नं. माथिका जिल्लाहरू जस्तै गोस्वाराको ओहदामा उकासिए । तराईको मुख्य प्रवेश द्वारको रूपमा महत्त्व भएका उदयपुर गढी र चिसापानी गढीहरू अरू जस्तै गोस्वारा गराइए । गोस्वारा दर्जाका तराईमा यी पाँच जिल्लाहरू थिए : १ नयाँ मुलुक, २. बुटौल, ३. वीरगन्ज र महोत्तरी, ४. हनुमाननगर, ५ मोरङ ।

सरकारको आवश्यकताअनुसार पहाडका र तराईका जिल्लाहरू जोडिने वा फोडिने गरिए । सन् १९५१ सम्म बागलुङ र गुल्मी पाल्पा जिल्लामा थिए । डोटीमा सायद बैतडी र डडेलधुरा थियो । धेरै समयसम्म इलाम धनकुटाभित्र थियो । कुनै समयमा सारा तराईको मालपोत सात लाख रूपियाँमा ठेक्का दिइएको थियो । बुटौल कैलाली र कञ्चनपुर दुई जिल्लामा फोडियो जुन पहिले बाँके र बर्दियामा संलग्न थिए । अहिले यी दुवै भिन्नाभिन्नै

छन् । पहिले एकै बडाहाकिम भएको मोरङ अन्दाजी दश वर्षअघि झापामा पनि एक बडाहाकिम रही दुई फ्याक पारियो । केही वर्षअघि धनकुटाको लागि ताप्लेजुङमा एक थप बडाहाकिम राखियो । यसै गरी बैतडी, डडेलधुरा, गुल्मी र बागलुङ आफ्ना आफ्ना मातृ जिल्लाबाट छुट्ट्याइए र स्वयं सर्वसम्पन्न जिल्लाहरू बनाइए ।

मालपोत एवं न्याय व्यवस्थाको निम्ति प्रत्येक पराजित राजाको प्रदेश एउटा सुब्बाको जिम्मामा राखियो । यसमा पनि पछि हेरफेर गरियो । धेरैजसो जिल्लामा एक वा एकभन्दा बढी माल सरकारी उठ्ती गर्ने अड्डा र एक वा एकभन्दा बढी अदालत जिल्लाको न्यायालय हुन आयो । एक समयमा तराईमा दुई न्यायालयहरू अमिनी र अदालत सँगसँगै थिए । पहाडी जिल्लाहरूमा अदालत र तराई क्षेत्रमा अमिनी अड्डाहरू कायम रहे ।

प्रशासनको चार अङ्गहरू सृष्टि गर्न अहिले प्रस्ताव गरिएको छ । सबभन्दा सानु अङ्ग तराईमा मोटामोटी ६५,००० जनसङ्ख्या र करिब ३०० वर्गमिल भएको र पहाडमा ४५,००० जनसङ्ख्या र २०० वर्गमिल भएको ब्लक हुने छ । एक वा बढी ब्लकको एक उपक्षेत्र बन्ने छ । दुई वा बढी उपक्षेत्रहरूको एक जिल्ला हुने छ । धेरै जिल्लाहरू गाभेर एक क्षेत्र बन्ने छ । सबभन्दा तल ग्राम पञ्चायतहरू मात्र हुने छन् । तर यी स्थानीय स्वायत्त शासनका अङ्ग हुने भएकोले उनीहरूको केवल सङ्केत मात्र तलका परिच्छेदहरूमा दिइएको छ ।

यी अङ्गहरूको सृष्टि, विकाश र कल्याणकारी व्यवस्थाका नयाँ आवश्यकताहरूमा आधारित छ । यसपछिको अध्यायमा बडाहाकिमको अधिकार र कर्तव्यहरूको पूरापूर बयान छ तर यस अध्यायमा यस विषयका केही छलफलहरू निषेध गर्न सकिएन । यी अङ्गहरूको जिम्मा लिने अधिकारीहरूको कर्तव्यहरू एवं उत्तरदायित्वहरू पन्छाएर यी अङ्गहरूको सृजना विचार गर्न सकिएन ।

अहिले नेपाल ३२ जिल्लामा विभाजित भएको छ । यी आकार प्रकारमा ५०० वर्गमिल र ७९,००० जनसङ्ख्याको झापादेखि ५,६०० वर्गमिलको हुम्ला, जुम्ला र छ लाखभन्दा बढी बस्ती भएको जनकपुरसम्मको हदमा फरक छन् । तीन टुक्रामा फोडिनुभन्दा पहिले पुरानु पाल्पा जिल्लाको ६,४०० वर्गमिल क्षेत्रफल र अन्दाजी छ लाख जनसङ्ख्या थियो । बडाहाकिम जिल्लामा सरकारको प्रतिनिधि थिए र सारा कारबाहीहरूमा हैकम चलाउँथे । प्राविधिक विभागहरू काठमाडौंमा थिए तर तिनीहरूको सङ्गठन जिल्लासम्म गएको थिएन । जिल्लामा नहरको काम या बाटो बनाउने काम गर्नुपर्‍यो भने बडाहाकिम नै यस कामको जिम्मावार रहन्थे । सारा सरकारी काममा यही लागू थियो । मालपोत तहसिलको निम्ति जिल्ला एक या बढी माल अड्डामा विभाजित थियो । माल अड्डाको जिम्मामा रहेका मालपोत हाकिम सुब्बा थिए । मालपोत प्रशासनको अझै सानु अङ्ग तराईमा प्रगन्ना र पहाडी क्षेत्रमा थुम पनि थियो तर यिनको उत्पत्ति अज्ञात अनादि कालमा बिलाएको छ । आजकल प्रगन्ना या थुमको क्षेत्र मिल्दो भिन्नै प्रशासनको कुनै अङ्ग छैन । गाउँहरूको समूह आफ्नो जिम्मामा लिएको जिमीदार नै तराईको मालपोत असुल गर्ने प्राथमिक माध्यम

थियो । पहाडतिरको यस्तै माध्यम जिम्मावाल या तालुकदार भनी प्रख्यात छ । जिल्लाको पुलिस व्यवस्थाको निम्ति पनि बडाहाकिम जिम्मेवार थिए । पुलिस र सैनिकमा कुनै स्पष्ट भेद थिएन ।

## कल्याणकारी राज्य

माथि गरिएको वर्णनबाट यो स्पष्ट हुने छ कि प्रशासनले ज्यादै सीमित कामहरू गर्दथ्यो । यो ऐन सवालको प्रतिपालन र मालपोतको असुलीसित सम्बन्धित थियो । नहर निर्माण, सडक निर्माण र पुल निर्माण जस्ता जनहितका केही कामहरू कहिले कहिले यसले गरे तापनि यस दिशातर्फ कुनै अडानको प्रयत्न थिएन । हिन्दहरूको राजनीतिले राज्यका जनताप्रति शासकहरूको कर्तव्य र उत्तरदायित्वलाई मानेको भए पनि आजकल बुझिएको अर्थमा कल्याणकारी राज्यको सिद्धान्तलाई अझै स्पष्ट रूपमा व्याख्या भएको थिएन । अहिले अवस्था बदलिएको छ । नेपाल प्रजातान्त्रिक कल्याणकारी राज्य बन्ने बाटोमा छ । स्वतन्त्रता, समानता एवं सामाजिक न्यायका आदर्शहरू र जनताको रहनसहनको स्तर उठाउने उत्तरदायित्व तथा अझ बढी राम्रो र उच्च सामाजिक र सांस्कृतिक जीवन स्तरको निम्ति सहुलियत दिने कुराहरू प्रजातान्त्रिक कल्याणकारी राज्यको भावनाभित्रै गाँसिएको हुन्छ । यसकारण सरकारले देशको उन्नतिको निम्ति एक पञ्च वर्षीय योजना तयार पारेको छ । सर्वोच्च अग्राधिकार दिइएका योजना कार्यहरूमध्ये ग्राम विकास योजना एक हो । यो स्वाभाविकै हो । काठमाडौं र विराटनगरबाहेक नेपालमा सहर या औद्योगिक क्षेत्रहरू प्रायः छैन । ज्यादै अधिक बहुसङ्ख्यामा जनता गाउँमा नै बस्छन् र गाउँहरूबाटै कल्याणकारी राज्यको निर्माण सुरू हुनुपर्छ । यसकारण ऐन सवालको प्रतिपालन र मालपोत असुली जस्ता नियमित कर्तव्यहरूदेखि बाहेक अब मुख्य जोड गरिबी र अभावको उन्मूलन तथा मानव एवं भौतिक साधनहरूको उन्नतितर्फ हुने छ । कल्याणकारी राष्ट्रका यी लक्षहरू प्राप्त गर्न एउटा माध्यम भेट्टाउनु या सृजना गर्नुपरेको छ । यी गाँठिएका र झन्झटे बोझपूर्ण कर्तव्यहरू पूरा गर्न सक्ने बिल्कुलै नयाँ माध्यम रातारात सृजना गर्नु सजिलो हुने छैन । यसले उच्च दर्जाको योग्यता र नायकत्वको विकास गर्नुपर्ने छ जो गर्न समय लाग्ने छ । प्रचलित प्रशासकीय यन्त्रको जिम्मामा यी कर्तव्यहरू एवं जिम्मेवारीहरू सुम्पिनु एक मात्र उपाय देखिन्छ । विगत शताब्दीमा विकास गरिएको प्रशासनको बनावट जनतासित सम्पर्कमा रहेको, आफ्नो इलाकामा सरकारको मुख्य प्रतिनिधि, बडाहाकिम भएको जिल्ला मुख्य अङ्गको रूपमा आधारित थियो । जिल्लाको शान्ति सुरक्षाको व्यवस्था र मालपोतको असुली काम आफ्नो अधीनमा भएकोले बडाहाकिमको प्रशस्त शक्ति र इज्जत थियो जसले उनलाई स्थानीय जनताउपर प्रशस्त प्रभाव दियो । जनताले उनलाई अन्याय र अर्धेलीका विरूद्ध रक्षा गर्न मात्र होइन परन्तु आवश्यक परेको बेलामा भर मद्दत नेतृत्व तथा मार्ग प्रदर्शनका लागि पनि हेर्दथे । यसकारण यो स्वाभाविकै छ कि यस्तो कार्यक्रम जसको लागि तमाम जनसमूहले नै भाग लिनुपर्छ यस्तो एउटा साधन (Agency) को जिम्मा लगाइदिनुपर्छ कि जुन कि कैयौं दशकसम्म रहिआएको छ र यथायोग्य तरिकाले तालिम दिइयो र निरीक्षण गरियो भने योजना सफलतापूर्वक कार्यान्वित गर्न चाहिने नायकत्व दिन सक्छ । पहिलेको समयमा

बडाहाकिमले नहर सडक निर्माण जस्ता विकास कार्यहरू गरिआएको हो । वास्तवमा पहिले उनले आफ्नो जिल्लाभित्र विभागीय अङ्गहरूको काम कारबाहीमा सामञ्जस्य ल्याउने जिम्मेवारी मात्र लिएको नभई वस्तुतः सारा विकास कार्यहरूको एक मात्र र पूरापूर जिम्मा थियो । जिल्लामा विभागहरूको आफ्नै मातहतमा काम गर्ने कुनै उच्च पदाधिकारी या अङ्ग थिएन । यसकारण बडाहाकिम नै यस्ता एक उच्चाधिकारी छन् जसलाई सबै विकास कामहरू, पञ्च वर्षीय योजनासम्बन्धी र विशेष रूपले ग्राम विकास योजनासम्बन्धी हस्तान्तरित गर्न सकिन्छ । त्यसकारण पुलिसउपरको रेखदेखको साथै शान्ति सुरक्षाको स्थापना, मालपोत र अरू कर रकमहरूको सामयिक असुली, ग्राम विकास योजना र विकास कार्यहरूको निर्देशन, मुख्य मुकाममा छँदा तथा भ्रमणमा छँदासमेत जनता र उनका समस्याहरूसित घनिष्ट सम्बन्ध कायम गर्ने र बराबर निरीक्षण गरेर आफ्नो मातहतका अड्डाहरूको कार्य दक्षता कायम गर्ने कर्तव्यहरू बडाहाकिमको हुने छ । यसमा नयाँ अधिकारीहरूको तालिमको काम पनि गाभिएको छ । यहाँ यो पनि भनिदिनुपर्छ कि विकास योजनासम्बन्धी कर्तव्यहरू बोझिला र गह्रौं होलान् जस्ता छन् । यसमाथि देशको सामु भूमि सुधारको बृहत् कार्यक्रम भएकाले मालपोतको प्रशासनले पनि पूरा ध्यान माग्ने छ । यी समस्याहरूको उपाय यही हो कि जिल्लाहरूको आकार घटाइयोस्, उपक्षेत्र तथा ब्लकहरू जस्ता ससाना अङ्गहरूको सृजना होस्, बडाहाकिमको नियमित कामको बोझ घटाइयोस् र उनलाई मालपोतको काममा मद्दत गर्न एउटा माल सुब्बा र ग्राम विकास योजना लगायत पञ्च वर्षीय योजना कार्यान्वित गर्ने काममा मद्दत गर्न एउटा जिल्ला विकास अधिकारी दिइयोस् । जिल्लाका अड्डाहरू र जिल्लाहरूको पुनर्गठनको चर्चा गर्दा यिनीहरूको बढी विस्तारपूर्वक विवेचना हुने छ ।

कहिलेकाहीँ यो भय प्रकाश गरिएको छ कि बडाहाकिममा केन्द्रित यो शक्तिले उनलाई आफ्नो इलाकामा सर्वशक्तिमान शासक या जङ्गबहादुर बनाउने छ । उनीविना उत्तरदायित्वको र दुःख दिने भए भने दुनियाँ लुटिने छ, थिचिने छ । पूर्व इतिहास र अनुभवले पक्का पनि यस विचारलाई बल र वजन दिन्छ । यो देखाउन सकिन्छ कि परिस्थिति छिटो बदलिँदो छ र केही दशकअघि हुन सकेको अहिले सम्भव छैन ।

सर्वप्रथम हाम्रा अधिकारहरू छान्ने काम लोक सेवा आयोगमा सुम्पिँदै छौ । युवक तमदर्शी, उत्साही र आर्दशवादी हुन्छन् । नवयुवकहरू भ्रष्टाचार र अत्याचारका दोषहरूबाट पर राख्न सकिन्छन् । होसियारीपूर्वकको छानबिनको अलावा यसको लागि विस्तृत र सर्वाङ्गपूर्ण तालिम चाहिन्छ । सङ्ख्या धेरै नै भए स्थानीय तालिम संस्था चाहिएला । तैपनि केही सर्वोत्तम अधिकारीहरूलाई हिन्दूस्थान अथवा अन्त विदेशमा पठाएमा विनाफाइदाको हुने छैन । त्यहाँका सेवाका परम्परा कस्ता छन्, तिनीहरूको निर्माण कसरी हुन्छ र कसरी सुरक्षित राखिएका छन् भन्ने कुराहरू उनीहरू खुद आफै देख्न सक्ने छन् । यी (शिक्षण) संस्थाहरूमा देशका केही सर्वोत्तम मानिसहरूसित भेटघाट हुने छ र यी सम्पर्कहरूद्वारा आजन्म मित्रता, विचार र अनुभवको आदानप्रदान हुने छ जसले शिक्षण संस्थामा आर्जेको उत्साह र आदर्शवादिता सधैँ जीवित राख्छ । छिमेकी राष्ट्रहरूले कसरी प्रगति गरिरहेछन्

भने पनि देख्ने छन् । यसले उनीहरूको दृष्टिकोण बढाउने छ । होसियारीसाथको छानबिन र सर्वाङ्गपूर्ण तालिमले शक्तिका दुरूपयोगको भय निकै नै कम हुने छ ।

पहिले नभएका अरू रोकावटहरू पनि अब काममा आउने छन् । उहिले आफू काठमाडौँ र त्यहाँका शासकहरूबाट धेरै पर भएकोले र जनताको आर्तनाद त्यति पर बिरलै पुग्ने भएकोले बडाहाकिमले मन चाहे गर्न सक्तथे । अब यी सब बदलियो वा छिटो बदलिँदै छ । सञ्चारका साधनहरूको छिटो विकास हुँदै छ । खबर चाँडो दुर्ग छ । अखबारहरूले दुनियाँका पीरमर्काहरू सरकारसामु पुऱ्याउँछन् । काठमाडौँको यात्रा कम खतरनाक तथा कम कठिन पार्ने र मुलुकभर पुग्न सकिने नयाँ मार्गहरूको योजना भएको छ । पहिलाको शासन हुकुमी थियो र जनताको आवाज राणा प्रधानमन्त्री छेउसम्म पुग्न सक्तैन थियो । पुगेको खण्डमा पनि सुनेको नसुन्यै गरेर बस्न सक्थे । अब दुवै कुरो सम्भव छैन । देशमा शासकको रूपमा जनताकै मानिसहरू छन् । तिनीहरू घुमिरहन्छन र देशमा के भइरहेछ भन्ने थाहा पाउँछन् । उनीहरू जसले पनि भेट्न सकिने छन् उनीहरूको दलका (Party) शाखाहरूले दोषी कर्मचारीलाई बचाउनुभन्दा सरकारी ज्यादतीको बढेचढेको बयान उनीहरूलाई दिने सम्भव छ । जनता स्वयम् पनि पहिले जस्तै चुप लागेर मान्ने जस्ता छैनन् । उनीहरूको ग्राम पञ्चायत सङ्गठनले अरू बढी शक्ति र विश्वास दिने छ । समयले गराएको फर्काउन असम्भव छ ।

बडाहाकिमको शक्ति असीमित छ भनेर सोच्नु पनि भूल हो । वस्तुतः यी बाँडिएका र सीमित छन् । अब यीमध्ये धेरै त आफ्ना आफ्ना अधिकार क्षेत्रहरूभित्र उपक्षेत्रीय हाकिमहरूले उपयोग गरिने छ । बडाहाकिमको देखरेखको काम मात्र रहने छ । बडाहाकिमको आफ्नो काम आयुक्तले देखरेख गरिने छ । काठमाडौँ पुग्न नसके पनि जनता आयुक्त छेउ पुग्न सक्ने छन् । बडाहाकिमले गैरजिम्मेवारीसित काम गर्ने र उम्कन सक्ने छैनन् । योजना सफल गराउने हो भने अधिकारको ठूलो विकेन्द्रीकरण आवश्यक छ । जिम्मेवारी बोकेका अधिकारीहरूलाई अधिकार दिन इन्कार नगरी यो अधिकारहरूको दुरूपयोग रोक्ने व्यवस्था निकाल्नुमा नै यसको औषधी छ । माथि व्याख्या गरिएका कारणहरूले हामीलाई बडाहाकिमले शक्तिको प्रशस्त दुरूपयोग गर्लान् भन्ने डर राम्रो आधारित जस्तो लाग्दैन ।

## उपक्षेत्रहरू

अहिले बडाहाकिमहरूलाई सुम्पिएको कर्तव्यहरू यति विशाल छन् कि कामहरू कार्यान्वित गर्दा उनीहरूलाई अलि सानो अधिकार क्षेत्र र मद्दत दिनु आवश्यक छ । जिल्लाहरूको आकार र भइरहेको सिमानामा विवेकपूर्ण पुनर्गठन गर्ने चेष्टा गरिएको छ । सेवाहरू जनताछेउसम्म पुऱ्याउने र प्रशासन असल र कुशल बनाउने आवश्यकता ध्यानमा राखी उपक्षेत्रका उपजिल्ला नामका ससाना टुक्राहरूमा (एकाइहरूमा) जिल्लाहरू फोड्नु आवश्यक छ । उपक्षेत्र अधिकारी, सुब्बा या हाकिम दर्जाका र उच्च अधिकारीको मातहतमा यी रहनुपर्छ । यी अङ्गहरूको सृजनाले अवश्य पनि विकेन्द्रीकरण, अधिकार प्रदान, माल अड्डा तथा पुलिसमाथि निरन्तर निरीक्षण र जनतालाई झन् छिटो सेवाहरूको प्राप्ति हुने छ ।

जिल्लाको मुख्य मुकामबाट भन्दा आफ्ना घरपायकको उपक्षेत्रीय मुख्य मुकाममा जनतालाई आफ्नो पीरमर्का निवारण अथवा सल्लाह अथवा प्राविधिक किसिमका सेवा पाउन झन् छिटो र सजिलो हुने छ । कल्याणकारी प्रशासनको बढ्दो कार्यक्षेत्र तथा जागरूकता भएकाले पनि उपक्षेत्रीय अङ्गहरू आवश्यक हुन्छ । जिल्ला मुकामबाट मात्रै अघना से अघना तथा कुना काप्चासम्म पुग्ने अनेकौँ सरकारी काम कारबाहीहरू सन्तोषपूर्ण निरीक्षण गर्न सकिन्न । उपक्षेत्रीय हाकिम जिल्ला बडाहाकिमको उपक्षेत्रमा सहायक हुने छन् । इलाकाको समस्याहरू र जनताका आवश्यकताहरू जान्न उनले यत्रतत्र घुम्नुपर्ने छ । बडाहाकिमको सहायकको रूपमा पञ्च वर्षीय योजना कार्यान्वित गर्दा तथा ग्राम विकास योजना सम्बन्धमा ब्लक विकास अधिकारीको काम उनले देखरेख गर्ने छन् । जिल्ला बडाहाकिमले जिल्लामा गरे जस्तै उनले उपक्षेत्रमा कामहरूमा समन्वय पनि ल्याउने छन् । जीवनमा पछि जिल्ला प्रशासनको उच्च स्तर अभिभारा बोक्ने अधिकारीहरूको निमित्त उपक्षेत्रको कामले बहुमूल्य तालिम क्षेत्रको काम दिन्छ ।

पछिको एक अध्यायमा यी अङ्गहरूको सृजनाबारे विवेचना भएको छ ।

## ब्लकहरू

अत्यन्त गहिँरिएर गरिने विकास कार्यको लागि उपक्षेत्र पनि अक्सर ज्यादै ठूलो अङ्ग हुने छ । यसकारण ससाना अङ्गहरू हुनु आवश्यक छ जसलाई ब्लक भनौँ कि । ग्राम विकास योजनाअन्तर्गत देशलाई मोटामोटी २०० गाउँ भएको १५० ब्लकमा विभाजन गर्ने विचार गरिएको छ । पातलो बस्ती भएको पहाडी प्रदेशमा जनसङ्ख्या ब्लक पिच्छे ४५,००० ननाग्ला र यस्तै बाक्लो बस्ती भएको तराई क्षेत्रमा जनसङ्ख्या ६५,००० जतिको होला । सारा विकास कार्यहरूको निम्ति ब्लक नै प्रशासनको मूल अङ्ग हुने छ । सेवा विभागहरूले यो सजिलैसित ढाक्न सकिन्छ र ब्लक विकास उच्चाधिकारीले सजिलैसित कामको देखरेख र नियन्त्रण गर्न सक्ने छन् । सामञ्जस्यका समस्याहरू व्यावहारिक स्तरमा घटाइने छन् र सबै विकास विभागका अधिकारहरूले समस्याहरूको पारस्परिक सम्बन्धको पूर्ण ज्ञान राख्ने छन् र नतिजास्वरूप एक भएर काम गर्ने आवश्यकता बढी बुझिने छ । ग्रामीण विकास ब्लकमा कृषितर्फ एक तल्लो दर्जाका प्राविधिज्ञ, शिक्षाको एक निरीक्षक, जनस्वास्थ्य सेवातर्फ एक तल्लो दर्जाको प्राविधिज्ञ, एक ओभरसियरको प्रबन्ध छ । ग्राम विकास योजनामा दुई थप अधिकारीहरू एक सामाजिक शिक्षा सङ्गठनकर्ता र अर्को सहकारी संस्थाहरू तथा ग्राम पञ्चायतहरूको सङ्गठनकर्ता हुने छन् ।

सरकारका सबै कामहरूका लागि ब्लक नै अब प्रशासनको मुख्य अङ्ग बनाइयोस् भन्ने जोडसाथ अर्ज गरिन्छ । पुलिस, मालपोत विकास र कल्याणकारी अङ्गहरू यही साँचोमा ढालिनुपर्छ । सायद कुनैकुनै विभागहरूलाई यस अङ्गमा आफूहरूलाई मिलाउन अलि अफठ्यारो पर्ला । यस विषयका मनमा राख्नु नै पर्ने दुई कुराहरू छन् । भविष्यमा सरकारको मुख्य ध्याउन्न र काम नै विकास हुन लागिरहेछ । विकास कार्यहरूको निमित्त र विशेष गरेर ग्राम विकासको निम्ति मोटामोटी यहाँ प्रस्तावित आकारको ब्लक नै आदर्श

अङ्ग हो । योभन्दा सानु अङ्ग खर्चिलो भडक हुने छ र कुनै विवेकपूर्ण समयको अवधिभित्र सारा देश ढाक्नु असम्भव हुने छ । अलि ठूलो अङ्ग भएमा यस आन्दोलनमा सफलताको निम्ति नभई नहुने इलाकाको त्यो हिमचिमको ज्ञान, जनताको त्यो सजिलो पहुँच र ग्राम सेवकहरूमाथिको त्यो नजिकको मार्गप्रदर्शन तथा देखरेख हुन दिने छैन । विकास कार्यहरूको निम्ति सबभन्दा उपयुक्त अङ्ग सबैले अपनाउनै पर्छ । यो पनि यहाँ दर्साइदिऊँ कि सारा सरकारी विभागहरूको काममा सामञ्जस्य ल्याउने कर्त्तव्य पनि बडाहाकिमलाई नै सुम्पिएको छ । उनी मुनि उपक्षेत्रीय हाकिमले यस्तै कामहरू गर्ने छन् । अलि सानु क्षेत्रमा ब्लक विकास उच्चाधिकारीहरूले सोही गर्ने छन् । सबै अङ्गहरूको उही सिमाना नभएमा तल्लो तहहरूमा सामञ्जस्य गराउनु गाह्रो हुने छ र केवल जिल्ला स्तरमा मात्र गराइनुपर्ने छ, यसरी साना किसिमका अनावश्यक कामहरूले बडाहाकिम पुरिने छन् र सम्पूर्ण योजनाको सफलता खतरामा पर्ने छ । प्रत्येक विभागले ब्लकैपिच्छे तुरून्तै सर्वसम्पन्न अङ्ग खडा गर्नु आवश्यक छैन । उदाहरणार्थ, पुलिसले प्रत्येक ब्लकको मुख्य मुकाममा थाना (पुलिस अड्डा) नराखोस् तर त्यहाँ चौकीसम्म खडा गर्ने विचार गरे उपयोगी हुने थियो । अरू विभागहरूले पनि यस्तै किसिमको विचार गर्न सक्छन् । एकै किसिमको ढाँचा अपनाएमा मात्र सरकारी प्रयत्नहरूको आवश्यकीय गतिशीलता र तिनीहरूको फलदायक समन्वय हुन सक्ने छ र कल्याणकारी राज्यको आदर्श प्राप्त हुने छ ।

## ग्राम पञ्चायत र सहकारी संस्था

विकासको निम्ति गाउँहरूलाई ग्राम पञ्चायत तथा सहकारी संस्थाहरूमा सङ्गठन गर्नु आवश्यक छ । राज्यका अङ्गप्रत्यङ्गहरूले प्रत्येक गाउँलेसित सम्पर्क राख्नु सम्भव छैन । उन्नति धेरै मात्रामा गाउँमा यस्तो क्रियाशील सङ्गठन रहनमा निर्भर गर्ने छ जो सरकारी सहायता लिएर गरिने संयुक्त कार्यक्रम कार्यान्वित गर्दा सारा जनतालाई सरिक गराउन सकोस् । केवल गाउँको अङ्ग नै गाउँका साधनहरूको उन्नति गर्ने काममा अघि लाग्ने र जिम्मेवारी वहन गर्न सक्ने छन् । सारा समाजकै प्रतिनिधित्व गर्ने यस्ता सङ्गठनले आवश्यकीय नेतृत्व दिन सक्छ । धेरै शताब्दीदेखि गाउँहरूमा स्थानीय सरकारको परम्परागत रूप लिएको ग्राम पञ्चायत नै यो सङ्गठन हुनसक्छ । जनताको आर्थिक, सामाजिक, शैक्षिक तथा सांस्कृतिक विकास गराउनमा हुन आउने ठूलो मद्दतको अलावा देशमा प्रजातान्त्रिक परम्पराहरू र विचारधाराहरूको स्वस्थ उन्नतिको निम्ति ग्राम पञ्चायतहरूको आवश्यकता छ । प्रत्येक गाउँलेले कामको कार्यक्रम एवं नीति निर्धारण तथा यसका समस्याहरूका छलफलमा सक्रिय भाग लिन सक्ने ग्राम पञ्चायतमा मात्रै प्रत्यक्ष प्रजातन्त्र काम गर्दछ । ग्राम पञ्चायत स्वायत्त शासनको आधारशीला हुने छ । यसको ग्राम पञ्चायत नामको एक छलफल गर्ने अङ्ग, मुखियाको अध्यक्षतामा एक निर्वाचित कार्यकारिणी, ग्राम न्यायालय (कचहरी) र सायद गाउँको स्वयंसेवक दल पनि हुने छ । विकास कार्यक्रमलाई अघि बढाउनमा ग्राम पञ्चायतको निर्णायक हात हुने छ । उत्पादनको कार्यक्रम तयार पार्ने, सरसामान र पैसाको आयव्यय तयार पार्ने, खेतिपातीमा एक निम्नतम स्तरसम्मको सुधार सबैमा ल्याउने, पर्ती जग्गा आवाद गर्ने, भूमि सुधार कामहरू कार्यान्वित गर्नमा सहायता गर्ने, सामूहिक कामको

निम्ति स्वयंसेवक श्रमिक दलको सङ्गठन गर्ने र सरकारी सहायता बढीभन्दा बढी मात्रामा गाउँहरूमा बहाएर ल्याउने कुलो जस्तो भएर काम गर्ने यसको (ग्राम पञ्चायतको) कर्तव्यहरू हुने छ । उनीहरूको श्रम, सम्पत्ति, मालसामान, पेसा, बजार तथा सेवा आदिमा कर लगाउने अधिकार हुने छ । गाउँको शिक्षक ग्राम पञ्चायतको आंशिक समय काम गर्ने सचिव हुन सक्ने छन् ।

अहिले देशमा स्थानीय स्वायत्त शासनका संस्थाहरू छैनन् । ग्राम पञ्चायतको जगमा नै स्थानीय स्वायत्त शासनको भवन निर्माण गर्न सकिन्छ भनेर हामी ठान्दछौँ । बालिग मताधिकारको आधारमा पञ्चायतको निर्वाचन हुने छ । पञ्चहरूले अनि उपक्षेत्रको उपक्षेत्र समिति (Local Board) या तमाम जिल्लाको जिल्ला समिति (District Board) को निम्ति सदस्य चुन्ने छन् । वास्तवमा परोक्ष चुनाव मन पराएमा उनीहरूले धारा सभाको लागि पनि सदस्य चुन्न सक्ने छन् ।

यस लेखमा ग्राम पञ्चायतहरू र सहकारी संस्थाहरूको विशेष विवरण गर्ने विचार छैन । यी कुराहरू सरकारको विचराधीन भइसकेको छ भन्ने हाम्रो विश्वास छ र अर्को लेखमा विवरण हुने छ ।

## क्षेत्रहरू

सरकार र जिल्ला बडाहाकिमको बीच अर्को तह सृजना गर्ने सवाल एक वादविवादको विषय भएको छ । बुच कमिटीले आफ्नो जाहेरीको (Report) २३२ सौँ परिच्छेदमा हिन्दुस्थानैमा आयुक्तहरूको पद खारिज हुँदै गएकोले नेपालको निम्ति यी पदहरूको सृजना गर्ने कुरो विचार गर्ने मतलब छैन भन्दै यस सवाललाई हटाएका छन् । हिन्दुस्थानमा यो झुकावले पल्टा खाएको छ । आयुक्तको पद खारिज गरिएको राज्यमा फेरि कायम गरिएको मात्र होइन कि यिनीहरू सङ्ख्या नै बढाइएको छ । बुच कमिटीले साधारणतः यत्रतत्र प्रशस्त घुम्न सक्ने र बडाहाकिमको काम रेखदेख गर्न सक्ने दुई उच्चाधिकारहरूको एक समिति सदरमुकाममा खडा गर्ने सिफारिस गरे । आयुक्तहरूको सन्तोषप्रद सट्टाभर्ना समिति होला जस्तो हामीलाई लाग्दैन । यातायातको कठिनाइ र काठमाडौँबाट बाहिरफेरका जिल्लाहरूमा जान लाग्ने समयको विचार गर्दा उनीहरूको जिल्लाहरूको भ्रमण अनित्य तथा निरीक्षण असफल होला भन्ने हाम्रो विचार छ । यी र तल व्याख्या गरिएका अरू कारणहरूले गर्दा क्षेत्र भन्ने नाम दिइएको जिल्लाहरूको समूहको जिम्मा लिन आयुक्तको दर्जा सृजना गर्नाले समितिको सृजनाले भन्दा जिल्ला प्रशासनमा आँच र बल भर्ने बढी सम्भावना छ ।

बङ्गालको प्रशासकीय सुधारसम्बन्धी रोलन्ड आयोगले आयुक्तहरूको पद उन्मूलन गर्न समर्थन गरेका कारणहरूलाई हामी छोटकरीमा विचार गरौँ । उनीहरूको आफ्नो सिफारिस क्षेत्रहरू प्रशासनको कार्य साधक अङ्ग बन्न ज्यादै व्यापक इलाका छन्, आयुक्तहरू कामको अनुपातमा निरीक्षण कार्यको निम्ति ज्यादै खर्चिला छन्, ती केवल हुलाक घर मात्र हुन् र

सदरमुकाममा नै राखे झन् राम्रो काम लिन सकिने छ भन्ने कुराहरूमा आधारित गरे । वास्तवमा क्षेत्रहरू खारिज गरेर क्षेत्रहरूभन्दा ठूलो र कम कार्यसाधक (कार्योपयोगी) राष्ट्र नै प्रशासनको एक अङ्ग बन्दछ । क्षेत्र त वस्तुतः रेखदेखको अङ्ग मात्र हो न कि प्रशासनको कार्यसाधक अङ्ग । आयुक्तहरूले केही रेखदेखका काम मात्र गर्ने होइन, इलाकाको निकटतम व्यक्तिगत जानकारी भएका तिनीहरू आफ्नो इलाकाको निम्ति सरकारका सल्लाहकार पनि हुन् । तिनीहरू अपर्झट भइपरिआएका कामकुराहरूको समाधान गर्न सक्छन्, कुनै विशेष उजुरी हेर्न सक्छन् या कुनै विशेष सोधपुछ गर्न सक्छन् । तिनीहरूले जिल्ला बडाहाकिमहरूलाई सल्लाह दिने तथा बाटो देखाउने छन् र स्थानीय स्वायत्त शासन संस्थाहरूप्रति ठूलो जिम्मेवारी लिने छन् । उनीहरूलाई यातायातको काम पनि सुम्पिएको छ । दुनियाँले सरकारबारे धारणा सरकारी नीतिहरू कार्यान्वित गरिएका तरिकामा नै बनाउँछन् । यसकारण आयुक्तहरू जस्ता आफ्नो दर्जा र इज्जतले गर्दा उल्टो प्रतिक्रिया हुने किसिमका सरकारी नीति विरूद्ध सरकारलाई सल्लाह दिन पनि सक्ने विस्तृत तथा पाको अनुभव भएका उच्चाधिकारीहरूलाई कार्यान्वित गराइएको निरीक्षण सुम्पिनु ज्यादै महत्त्वको छ ।

नेपालका समस्याहरू भरत वर्ष पहाडी प्रदेशका सित अलिअलि मिल्दाजुल्दा भए पनि विशेष हेरविचार गरिनुपर्छ । फासला टाढाको छ, यातायातको अभाव छ र भ्रमण ढिलो र कष्टकारक छ । राजधानीबाट बाहिरतिरका इलाकामा छिटो पुग्नु सजिलो छैन । यसकारण छिटो तथा आधुनिक यातायात र सञ्चारका साधन भएको देशमा भन्दा यस देशमा विकेन्द्रीकृत क्षेत्रीय प्रशासनको ज्यादै बडो दरकार र न्यायपूर्ण छ । प्रशासन पनि अब बिल्कुल जटिल हुँदै जाने छ । शान्ति सुरक्षा कायम गर्ने र मालपोत असुल गर्ने साधारण काम भएसम्म उच्चाधिकारीहरूबाट निर्देशन प्रायः चाहिएको थिएन । समस्याहरूको जटिलता, जनतासितको नाजुक सम्बन्ध र लोकमतप्रतीको उत्तरदायित्वले गर्दा नयाँ दृष्टिकोण र पाको विचारको माग अब हुने छ । प्रशासनको दृष्टिकोणमा आमूल परिवर्तन हुने छ । अब तामेल गर्न सजिला बन्दोबस्ती कर्तव्यहरूको साटो पुरानो शासनमा अनावश्यक, धैर्य, लगन र जनहितप्रति भक्ति चाहिने कल्याणकारी कामहरू आउने छन् । प्रशासन यन्त्रलाई नयाँ परिस्थितिमा ढाल्न नयाँ आदर्शहरू र नयाँ तरिकाहरू बराबर बोध गराउने हरबखत प्रयत्न गरिरहने उच्च स्तरीय कर्मचारीहरू हुनु आवश्यक छ । प्रशासनको जुडोपना यस्तो छ कि ज्यादै माथिल्लो स्तरमा नयाँ आवश्यकताहरूको बुद्धिमत्तापूर्ण ज्ञान र नयाँ दिशामा यन्त्र मोड्ने दृढ सङ्कल्प हुन सक्छ ।

बडाहाकिमको पदको लागि उच्च कोटीका गुण भएका झन्डै दर्जन उच्चाधिकारीहरू पाउनुभन्दा आयुक्तहरूको यी महत्त्वपूर्ण पदहरूको लागि आधा दर्जन खुब पढेका, अनुभवी, विस्तृत दृष्टिकोण भएका राम्रो घुमेका उच्चाधिकारहरू पाउनु सजिलो होला । यसकारण प्रशासनको कुशलतामा सुधार ल्याउने दृष्टिकोणबाट आयुक्तहरूको पदको सृजना आवश्यकीय कदम देखिन्छ ।

पञ्च वर्षीय योजना कार्यान्वित गर्न विस्तृत शक्ति प्रदान या विकेन्द्रीकरणको आवश्यकता पर्दछ । हाल बडाहाकिमलाई ठूला अधिकार प्रदान गर्नमा अनिच्छा छ । सरकारमा साधसोध

बिल्कुल कम हुने गरेर आर्थिक र प्रशासकीय दुवैमा प्रशस्त अधिकार दिन सकिने आयुक्तहरूको पद सृजना गरेर यो कठिनाइ पार गरिएला । आयुक्तहरू जिल्ला योजनाहरूमा सामञ्जस्य ल्याउने, विभिन्न क्षेत्रहरूको आवश्यकता र अग्राधिकार तथा तिनीहरूको अल्पकालीन र दीर्घकालीन विकासको निम्ति सम्भावित शक्ति ध्यानमा राख्न सक्ने अवस्थामा हुने छन् । सो सधैँ सदरमुकामबाट हुन सम्भव छैन । जाँच, निरीक्षण, मार्गदर्शन र उच्चाधिकारीहरूको तालिममा ध्यान, कुशलताको निम्ति नभई नहुने सर्तहरू हुन् र यिनीहरू तथा साधारण प्रशासन र आफ्नो क्षेत्रीय विकासमा व्यक्तिगत ध्यान दिन सक्ने एवं प्रशासकीय ससाना कामका बोझले नलादिएको पुरानु ठूलो दर्जाको इलाकाको निम्तिको उच्चाधिकारी हुनु फायदाको कुरो हुने छ । क्षेत्रहरूमा कामको सामजस्य हुने छ र सरकारलाई झन्डै तीन दर्जन बडाहाकिमहरूसित भन्दा आधा दर्जन क्षेत्रीय आयुक्तहरूसित व्यवहार गर्नु सजिलो हुने छ । आयुक्तले सरकारलाई स्वस्थ र पाको सल्लाह पनि दिने छन् र आवश्यकताअनुसार विशेष बुझबुझारथ गर्ने, भइपरिआएका अपर्झट कामकुरोको कारबाही गर्ने र साधारणतः प्रशासनको कुशलता कायम गर्ने छन् । यसकारण केही जिल्लाहरू मिलाएर क्षेत्रहरू बनाउने र यी क्षेत्रहरूको जिम्मा लिन आयुक्तहरूको दर्जा खडा गर्ने आवश्यकता छ भन्ने हाम्रो पक्का विचार छ ।

सङ्क्षेपमा आयुक्तको मुख्य कर्तव्यहरू यसप्रकारको हुने छ :-

(१) अपिलसम्बन्धी कर्तव्यहरू सारा मालपोतका मामलामा आयुक्त अपिलको सर्वोच्च न्यायालय हुने छ । भूमि सुधार र मोहियानी विधान लागू गरिएपछि यो काम निकै धेर हुने छ । अरू करका कुराहरूमा पनि अपिलको अन्तिमतक उनैलाई बनाउन सकिने छ ।

(२) जाँचहरू कुशलता कायम गर्नको निम्ति उनले जिल्ला तथा उपक्षेत्रका अड्डाहरू जाँच्ने छन् ।

(३) साधारण निरीक्षण, सामञ्जस्य, शान्ति सुरक्षाको संस्थापन, मालपोत तथा विकास कार्य प्रशासन । यो सबभन्दा महत्त्वपूर्ण काम हो । जिल्लाहरूको अवस्थाबारे सचिवालयले कमै खबर पाउन सक्छ र काठमाडौँबाटै कामको नियन्त्रण गर्न कोसिस गर्न सक्तैन ।

(४) सरकारको सल्लाहकार रूपमा तथा जिल्ला बडाहाकिमहरूलाई निर्देशन दिने कामहरू ।

(५) प्रदान गरिएका अख्तियारीका कामहरू सरकारले (स्वीकृतिको) आर्थिक अधिकार, उपल्ला नन्ग्याजेटेड पदहरूमा भर्ना गर्ने आदि अधिकार प्रदान गर्न सक्छ जुन नदिएमा काठमाडौँमा थप बोझले काम रोकिने छ । तिनीहरूलाई कलेजहरूका शासन समिति (Governing Bodies) एवं व्यवस्था समिति (Managing Committee) र यातायात अधिकारी, ठूला अस्पताल एवं प्रादेशिक समिति जस्ता अरू क्षेत्रीय संस्थाहरूको सभापति बनाउन सकिन्छ ।

(६) अपर्झट घटनामा कारबाही गर्ने बडाहाकिमको अधिकार क्षेत्र अथवा समाधान गर्ने शक्ति बाहिरको बाढी, अनिकाल, भूकम्प या अरू कुनै ठूलो गोलमाल या आन्दोलन जस्ता ।

(७) जनताका आवश्यकताहरू र आकाङ्क्षाहरूसम्बन्धी स्थानीय समस्याहरूका ज्ञान दिने भ्रमणहरू, उनले सरकारलाई आफ्नो इलाकामा भइपरिआएका कुराहरूको सूचना दिन सक्ने छन् ।

(८) स्थानीय स्वायत्त शासन संस्थाहरूको मन्त्री र मार्गदर्शक हुनु जुन कि उनको विशेष जिम्मेवारी हुने छ।

(९) क्षेत्रको यातायात कामको जिम्मेवार हुनु ।

(१०) आफ्नो क्षेत्रमा निर्वाचन कामको विशेष रूपले जिम्मेवार हुनु ।

(११) सनद दिने, मान इज्जत दिने, दरबार लगाउने जस्ता समारोहसम्बन्धी कर्तव्यहरू यो प्रजातान्त्रिक युगमा पनि यो बिल्कुलै नगण्य होइनन् ।

यी पदहरूको निम्ति आधा दर्जन उच्च कोटीका गुणयुक्त उच्चाधिकारीहरू भेट्टाउन धेरै कठिन होला भन्ने हामीलाई लाग्दैन । उत्तम बडाहाकिमहरूमध्ये केहीलाई सरूवाबढुवा गर्न सम्भव होला । काममा उथलपुथल नपारी सायद एकदुई सचिव जगेर्ना गर्न सकिएला । आवश्यक योग्यता र अनुभव भएको अरू विभागीय प्रमुखहरू पनि हुन सक्लान् । जे होस यदि तुरून्तै सबै उच्चाधिकारीहरू पाउन कुनै व्यवहारिक कठिनाइ छ भने बाहिर परेका पश्चिममा कर्णाली र महाकाली तथा पूर्वमा अरूण र जनकपुर क्षेत्रहरूको लागि आयुक्तहरूको नियुक्ति होस् भन्ने सुझाव दिन्छौँ । अरू उच्चाधिकारीहरू प्राप्य नभएसम्म बाँकी ३ क्षेत्रहरूको अस्थायी किसिमले काठमाडौँबाटै बन्दोबस्त होस् ।

## ३. जिल्ला बडाहाकिमका कर्तव्यहरू

पूर्व अध्यायमा हामीले छोटकरीमा जिल्ला प्रशासनमा बडाहाकिमको स्थानबारे भनिसक्यौ । यस बखत उनका कर्तव्यहरू, अधिकारहरू र उत्तरदायित्वसम्बन्धी मुख्यमुख्य बुँदाहरूको व्याख्या गर्नु उचित होला । यिनीहरूको विवेचना हामी तलका विषयान्तरमा गर्ने छौँ ।

१) ऐन सवाल (शान्ति सुरक्षा)
२) मालपोत प्रशासन
३) विकास कार्यहरू
४) न्यायपालिका र जेल
५) आवश्यक पदार्थहरू
६) विविध

प्रचलित कानुनअनुसार बडाहाकिमलाई अपराध पत्ता लगाउने र रोकथाम गर्ने, तथा शान्ति सुरक्षा कायम गर्ने पुलिसको काममाथि रेखदेखको अधिकार दिइएको छ । यो उत्तरदायित्व सोझै र सबै बडाहाकिममा सुम्पिनुपर्छ भन्ने हामी ठान्दछौँ । साधारणतः उनले पुलिसमार्फत यो जिम्मेवारी निभाउने छन् । यस कुरामा अक्सर केही अस्पष्टता छ । यसकारण बडाहाकिम र पुलिसको बीचको सम्बन्ध तोकिनु राम्रो छ । पुलिस सुपरिटेन्डेन्ट अथवा जिल्लाको पुलिस कामको जिम्मामा रहेको अरू कुनै उच्चाधिकारीले नै पुलिसको जिल्ला तहसम्मको सङ्गठन, सेवा र अनुशासनसम्बन्धी नियन्त्रण गर्नेछन् । जिल्ला स्तरदेखि माथि क्षेत्र बराबरको आफ्नो इलाकामा यो काम डेपुटी इन्सपेक्टर जनरल पुलिसले र सारा राष्ट्रका पुलिसको आई.जी. ले गर्ने छन् ।

जिल्लाका पुलिस उच्चाधिकारीहरूमाथि साधारण कर्तव्यसम्बन्धी नियन्त्रण जिल्ला बडाहाकिमको हुने छ । यो नियन्त्रण काममा क्षेत्रीय आयुक्त र सरकारले उनी निर्देशित हुने छन् । विभाजनको रेखा बिल्कुल स्पष्ट छ । शान्ति सुरक्षा कायम गर्ने जवाफदेही स्पष्टतः बडाहाकिमको आफ्नो एक्लो हुने छ । यी कर्तव्यहरू अदा गर्ने उनको साधन पुलिस हो । पुलिसहरूको कार्यकुशलता, अनुशासन, साजबाज, स्वास्थ्य, बसोबासको बन्दोबस्त, उर्दी पोसाक, यातायातका साधन, हातहतियारको निम्ति जिल्लाका पुलिस अधिकारी आफूमाथिका पुलिस उच्चाधिकारीहरूप्रति जवाफदेही हुने छन्, जिल्लाभित्र शान्ति सुरक्षा गर्नेसम्बन्धी काममा भने उनी सोझै जिल्ला बडाहाकिम मातहतमा हुन् । यी कुराहरूमा उनले बडाहाकिमबाट मात्र आदेश पाउँछन् । उनले बडाहाकिमको आज्ञाविना जिल्ला छोड्नु हुन्न । सशस्त्र पुलिस जिल्लाभित्रै याताउता लैजान बडाहाकिमको स्वीकृति चाहिने छ । जिल्लाको पुलिसको हाकिमसित सल्लाह गरेर तलका कुनै पुलिस अधिकारीलाई एक थानाबाट अर्कोमा सार्ने अधिकार बडाहाकिमको हुने छ । बडाहाकिमको पुलिस अड्डाहरू जाँच्ने अधिकार र कर्त्तव्य हुने छ । पुलिस सुपरिटेन्डेन्टले हप्तावारी या महीनावारी अपराधको जाहेरी तथा बडाहाकिमले मागेको अरू कुनै विशेष रिपोर्ट उनलाई दिनुपर्ने छ । पुलिस उच्चाधिकारीले कुनै अपराध गरेमा बडाहाकिमले उपक्षेत्रीय उच्चाधिकारीलाई बुझबुझारथ गर्न आदेश दिन सक्ने छन् र यदि परिबन्दबाट दोष गरेको आशङ्का भएमा अधिकारीमाथि मुद्दा चलाइनुपर्छ । खराब आचरणबारे पुलिसको हाकिमले नै अनुशासनको कारबाही गर्ने छन् तर बडाहाकिम सजायबाट असन्तुष्ट भए उनले डि.आई.जी.द्वारा आयुक्तलाई उचित कारबाही गर्न निवेदन गर्न सक्ने छन् ।

पूर्व अध्यायमा देखाएझैँ विभिन्न विभागहरूको अधिकार क्षेत्र जिल्लाको निम्ति पेस गरिएको प्रशासनको नयाँ अङ्गहरू नै गर्न सकियो भने धेरै सुविधा होला । एउटा थाना या पुलिसको अड्डाको अधिकार क्षेत्र विकास ब्लक बराबर होस् भन्ने हामी सुझाव गर्छौं । ब्लकहरू झन्झन् खोलिने हुनाले प्रत्येक साल चाहिँदो सङ्ख्यामा पुलिस अड्डाहरू खडा गर्नु पुलिसको निम्ति गाह्रो हुनुपर्ने होइन । हर साल १० भन्दा बढी पर्ने छैन् । धेरैजसो त पहिलेदेखि नै रहिआएको होलान् । यो सिफारिस कार्यान्वित गर्नमा कुनै कठिनाइ भए ब्लकको सृजनाको साथसाथै चौकी त खुलोस् भन्ने सुझाव दिन्छौँ । यसैलाई पछि पैसा र मानिस प्राप्त भएपछि पुलिस अड्डामा बढाइयोस् । पुलिस अड्डाहरूको सङ्ख्या ६ मा

बढेमा एक वा दुई उपक्षेत्रको कामको जिम्मामा एक पुलिस इन्स्पेक्टर हुनुपर्छ । सारा जिल्लाको पुलिस कामको निम्ति बडाहाकिमप्रति जवाफदेही हुने एक पुलिसको हाकिम हुनुपर्छ । बेग्लाबेग्लै क्षेत्रीय पुलिस हाकिमको जिम्मामा रहेको क्षेत्रबमोजिमका ७ इलाका हुनुपर्छ । यी सोझै आई.जी.पी.मुनि हुने छन् तर शान्ति सुरक्षाका मामलामा आयुक्तबाट निर्देशन एवं आदेश पाउने छन् । शान्ति सुरक्षाको निम्ति बडाहाकिमको अन्तिम जवाफदेहीको सिद्धान्तलाई मानेमा माथि सङ्केत गरिएका दिशातर्फ जस्तै पुलिस प्रशासनको पुनर्गठनको स्पष्ट आवश्यकता छ ।

दुर्भाग्यवश बडाहाकिमको कानुनी अधिकारहरू कुनै ठाउँमा किटिएको छैन । विभिन्न उच्चाधिकारीहरूको अधिकार तथा उपयोग पद्धति किटिएको देशको कानुनको सङ्ग्रह, मुलुकी ऐन र कानुन जस्तै मान्य नियमहरू, मुलुकी सवाल र जिल्लापिच्छेको गोस्वारा सवालहरूबाट उनले अख्तियारी पाउँछन् । अनि सुरक्षा कानुन छ जसकोअन्तर्गत बडाहाकिमलाई थुन्ने या हिँडडुलमा रोक लगाउने अधिकार दिइएको छ । संवत् २०१२ सालको मधेस गोस्वारा ऐनमा र अलि कम मात्रामा २००९ को कमिस्नर मजिस्ट्रेट सवालमा यी सबै र अरू विविध अधिकारहरू, कामहरू र पद्धतिहरू एकै ठाउँमा जम्मा गर्ने प्रशंसनीय प्रयास गरिएको छ । यी क्रमशः तराई र काठमाडौँ उपत्यकामा लागू हुन्छन् । पहाडी जिल्लाहरूको निम्ति यस्तो सङ्कलन छैन । पुरानु बोर अवस्थामा मधेस गोस्वारा ऐन एउटा ठूलो अग्रिम कदम थियो तर अहिले सारा राष्ट्रको निम्ति एक नासको ऐन एवं पद्धति गराउनु तथा जिल्ला बडाहाकिमको अधिकारहरू स्पष्टसित किट्नु अरू आवश्यकता छ । यस दिशातर्फ कदम चालिइसकेको छ । नेपाल दण्ड विधान बनेको छ र लोकमत जान्न प्रसार गरिएको छ । हामीलाई थाहा भएको छ फौजदारी विधि सङ्ग्रह पनि तयार पारिँदै छ । कानुन आयोगले यथासमयमा प्रमाण विधान पनि तयार पार्ला भन्नेमा हाम्रो शङ्का छैन । यी तीन विधानहरूले यस्तो रूपरेखा तयार पार्ने छ जसको भित्र बडाहाकिमले आफ्नो काम गर्ने अधिकार पाउने छन् । हिन्दुस्थानको फौजदारी विधि सङ्ग्रह १०६, १०७, १०८, १०९, ११०, १४४, १४५ र १४६ धाराहरूअन्तर्गत दिइए जस्तै निरोधका अधिकारहरू जिल्ला बडाहाकिम र उपक्षेत्रीय उच्चाधिकारीको हुनुपर्छ भन्ने हामी विचार गर्दछौँ । सुरक्षा कानुन या अरू कानुनअन्तर्गत यदि यी अधिकारहरूमध्ये केही प्राप्त भएका छैनन् भने यी अधिकारहरू यथासक्य चाँडो उनलाई दिन कदम चाल्नुपर्छ ।

बुच कमिटीले सारा राष्ट्रको निम्ति गाउँ चौकिदारी प्रथा खडा गर्ने कुरो आफ्नो रिपोर्टको २५९ औँ परिच्छेदमा सिफारिस गरे । हामीले यस कुरालाई बडा गम्भीरतापूर्वक विचार गर्‍यौँ र गाउँमा पुलिसको प्रत्यङ्गको रूपमा चौकिदारी प्रथा खर्चिलो, अयोग्य र अनावश्यक भन्ने ठान्दछौँ । साधारणतः गाउँमा शान्ति र ऐनको पालन हुन्छ । चौकिदारको फौज पाल्ने थप रकमको बोझ दिन राष्ट्रको वित्तले गाह्रो पर्ने भएकोले "चौकिदारी रकम" लगाउन आवश्यक पर्ने छ । यो रकम अप्रिय हुने छ । कैयौँ दशकसम्म यो प्रथा चलेको गाउँमा पनि "सरपञ्च" को ओहदा कहिलेकाहीँ फटाहाजालीहरूले न्याल काढे पनि ज्यादै लोभलाग्दो अथवा इज्जतको छैन । चौकिदारले ठूलो इलाका ढाक्न परेकोले यो चलनले काम राम्रो गरेको छैन । उसले ज्यादै कम तलब पाउँछ । उसको निम्ति यो केही समयको काम मात्र

छ । उ अक्सर मसहुर अपराधीहरूको खबर दिन या पक्डाउ गर्न तर्सिन्छ । स्थानीय अधिकारीहरूलाई यथासम्भव पुलिस अधिकार दिनुपर्छ । यस सम्बन्धमा सशस्त्र डकैतीबाट सुरक्षा तथा अपराधको रोकथाम गर्न ग्राम स्वयंसेवक सङ्घ ग्राम पञ्चायतले खडा गर्ने सुझाव दिन्छौँ । मालपोत अधिकारीलाई अपराधीहरूको आशङ्कामा पक्डने या पहिलो खबरको जाहेरीको बयान लिने जस्तो केही अधिकार दिने प्रश्न पनि जाँचिनु आवश्यक छ । यहाँ यो कुरो भनौँ कि छिमेकको कुमाउ जिल्लामा गाउँ पटवारीले पुलिस उच्चाधिकारीको केही अधिकारहरू उपयोग गर्दछ । मद्रासमा पनि कार्जी (अथवा गाउँको मालपोत असुल गर्ने)बारे यही नै सत्य छ । सायद सुरूमा अनुकरण गर्न यो नराम्रो ढाँचा हुने छैन । यसले धेरै नयाँ थानाहरू खडा गर्ने आवश्यकता हटाउने छ ।

पुलिस सङ्गठनको प्रश्नबारे अरू अघि बढ्ने दरकार छैन । त्यो भिन्दै रिपोर्टको विषय हुनुपर्छ । जे होस् अपराध रोक्ने र खोजपत्तो ल्याउने काम, अपराधीहरू पक्रने र मुद्दा चलाउने तथा शान्ति सुरक्षा कायम गर्ने काम पुलिसका कर्तव्य हुन् भनेर स्पष्ट किटिनुपर्छ भन्ने हाम्रो पक्का विचार छ । यस कामको निम्ति यिनीहरू स्पष्टसित बडाहाकिमको अधीनमा पारिनुपर्छ र उनलाई समय समयमा जाहेरी पेस गर्नुपर्छ ।

## मालपोत प्रशासन

राष्ट्रको अहिलेको मालपोत प्रशासन राम्ररी सङ्गठित छैन । आवादी जग्गाको केही स्रेस्ता राख्ने पटवारीहरू गाउँमा छन् । उठ्तीमा सैकडी पाउने गरी मालपोत असुलीको जिम्मा लिएका पहाडतिर जिम्मावाल र तराईतिर जिमिदार छन् । यी (ओहदाहरू) सन्तान दरसन्तानले पाइने हुन् । माल अड्डामा केही खेतको स्रेस्ता राखिएको हुन्छ ।

सारा राष्ट्रभर नापी र तिरो ठेक्ने कामको तुरून्त दरकार छ । यो नभएसम्म कुनै वैज्ञानिक आधारमा मालपोत ठेक्न सकिन्न र राज्यको प्रशस्त नोक्सानी हुँदै जाने छ । भूमि सुधारको कुनै पनि योजना सफल हुने सम्भावना हुने छैन । यसको आवश्यकता पञ्च वर्षीय योजनामा मानिएको छ । यो काममा तुरून्त ध्यान दिने आवश्यकता छ ।

सायद आखिरमा जग्गाको तिरो उठाउने काम, बालीको तथ्याङ्क तथा जग्गाको स्रेस्ता राख्ने काम गाउँ पञ्चायतलाई सुम्पिनु राम्रो होला । मेहनतानाले उनीहरूको साधनको वृद्धि गर्ने छ जुन गाउँको विकासमा उपयोग गरिने छ ।

उपक्षेत्रीय उच्चाधिकारीले उपक्षेत्रको मालपोतको काम विना कुनै सहायता हेरविचार गर्न सक्नुपर्छ । जिल्लाको निम्ति भने मालको काममा जिल्ला बडाहाकिमलाई मद्दत गर्न र तहबिल चलाउन एउटा माल सुब्बा दिनु आवश्यकता हुने छ । राष्ट्र बैङ्कको शाखा भएको ठाउँमा नगदी तहबिलको काम बैङ्कमा दिन सकिन्छ । यस्ता क्षेत्रमा माल सुब्बा दिने कुरो कामको बोझमा जाँचिनु सकिन्छ ।

## विकास कार्य

ग्राम विकास योजनाले त्यो कार्यक्रम कार्यान्वित गर्ने साधारण ढाँचा पेस गर्दछ । गाउँहरूको एक समूहको जिम्मामा एउटा बहुमुखी ग्राम स्तरीय सेवक हुने छ । ऊ सबै सरकारी विकास विभागहरूको मानिस हुने छ । ऊमाथि उसको कामको देखरेख गर्ने र उसलाई प्राविधिक सल्लाह र मद्दत दिने विविध विकास विभागका तल्ला खालका प्राविधिज्ञहरू हुने छन् । प्राविधिज्ञहरूको काममा ब्लक विकास उच्चाधिकारीले सामञ्जस्य ल्याउने छन् । पातलो बस्ती भएको र कामको बोझ ज्यादा नहुने उत्तरी उपक्षेत्रहरूमा मालपोत, मजिस्ट्रेडसम्बन्धी न्यायसम्बन्धी र विकास कार्यहरू सबै एउटै अधिकारी उपक्षेत्रीय अधिकारीमा सुम्पिनुपर्छ भन्ने सुझाव गरिन्छ । ब्लक विकास अधिकारीहरू ब्लक सल्लाहकार समितिबाट सल्लाह पाउने छन् । जिल्ला तहमा बडाहाकिम सबै कामको जिम्मा लिने छन् । उनलाई जिल्ला विकास अधिकारीले मद्दत गर्ने छन् तथा जिल्ला सल्लाहकार समितिले सल्लाह दिने छ ।

## प्राविधिक विभागहरूसित सम्बन्ध

आफ्नो जिल्लासित सम्बन्धित पञ्च वर्षीय योजनाभित्रका अरू उन्नति कार्यहरू सफलतापूर्वक कार्यान्वित गर्ने जवाफदेही पनि बडाहाकिमको हुने छ । जनतालाई सार्थक मद्दत तथा सल्लाह दिन सरकारका विविध प्राविधिक विभागहरू अहिले खोलिँदै छन् । यसकारण सुरूमै बडाहाकिम र यी विभागहरूको उत्तरदायित्वको क्षेत्र किटिनु र यिनीहरूको आपसी सम्बन्धको व्याख्या गर्नु उपयोगी होला । प्राविधिक विभागहरू मुख्यतः अनुसन्धान तथा अस्पताल, कलेज, कृषि-क्षेत्र (Farm) जस्ता ठूलाठूला केन्द्रीय संस्थाहरूको बन्दोबस्तसित सम्बन्धित हुने छन् । तिनीहरू ग्राम विकास योजनाको निम्ति तथा आफ्नै कामको निम्ति कार्यक्रम तथा अग्राधिकार तयार पार्ने काम र तालिम योजनाहरूको निम्ति पनि जवाफदेही हुने छन् । ती कार्यक्रमहरू कार्यान्वयन गर्न चाहिएको माल, मानिस र यातायातको बखतबखतको सहायताको लागि पनि उनीहरू जिम्मेवार हुने छन् । गाउँ तहमा ती सब बहुमुखी ग्राम स्तरीय सेवकहरूबाट काम गर्ने छन् । माथि भनिएका यी सबै कर्तव्यहरू गर्न विभागको भित्री सङ्गठनको जवाफदेही विभागीय प्रमुखको हुने छ । तल गाउँको तहसम्म तहैपिच्छे प्रत्येक विभागको आफ्नै कर्मचारी राख्नु खर्चिलो र राम्रो काम नदिने हुने छ । नेपाल जस्तो पिछडिएको देशको निम्ति आफ्ना आफ्ना छुट्टै सङ्गठनद्वारा गाउँलेहरूसित सम्पर्क राख्ने धेरै विभागहरू हुनु सम्भव छैन । मुलुकले यी धान्न सक्तैन । अधिकारक्षेत्र पनि यति ठूलो हुने छ कि प्रयास पात लिएरै फैलिएला । सबभन्दा मुख्य त संसारभरको ग्राम सेवक कृषि विद्वान्हरूको अनुभवले यही बताउँछ कि खण्डित रूपमा गाउँलेहरूको जीवनमा प्रवेश गर्नु निष्फल हुन्छ । गाउँलेको जीवनलाई एक सिङ्गो कुरो सम्झेर व्यवहार गर्नुपर्दछ र उसको आवश्यकताहरू पुऱ्याउन एउटै माध्यम हुनुपर्छ । परस्पर विरोधी नहोस् तर राम्ररी सामञ्जस्य नभएको उनीहरूको सल्लाह र अनेक थरीका माध्यमहरूले रनभुल्ल पार्छ । ग्राम विकास कार्यक्रमको सफलताको निम्ति सरकारका मुख्यमुख्य विकास विभागहरूको तर्फबाट

सगोलको प्रसारयन्त्र र बहुमुखी ग्राम (स्तरीय) सेवकहरू अत्यावश्यक छन् भन्ने कुरामा प्रसार कार्यकर्ताहरूको अनुभव एकै छ ।

त्यसकारण जिल्लाको प्रसार उच्चाधिकारीको रूपमा बडाहाकिम काम गर्ने छन् र यिनको मातहतमा सारा उन्नति कार्यहरूको एकीकरण हुने छ । एकै मण्डलीका सदस्यझैँ काम गर्ने विशेषज्ञ उच्चाधिकारीहरू उनीमुनि हुन सक्ने छन् । जिल्लाको विकास र कल्याणकारी कार्यहरू र यी कार्यहरूसित सम्बन्धित विकास विभागका अधिकारीहरूउपर जिल्ला बडाहाकिमले गरेको नियन्त्रणको प्रकृति, विस्तार साधनको अलि विस्तारमा व्याख्या गर्नु आवश्यकता छ । विकास विभागहरूका कार्यहरूको सङ्गठन, पेसा र प्राविधिक नियन्त्रण, सम्बन्धित विभागका आफूमाथिका अधिकारीहरूले गर्ने छन् । साधारण कार्यसम्बन्धी नियन्त्रण भने बडाहाकिमको हुने छ । यो नियन्त्रण काममा ल्याउँदा बडाहाकिम क्षेत्रीय आयुक्त तथा सरकारले निर्देशित हुने छन् । आफूलाई ज्यादै कम ज्ञान भएको नियमित दैनिक कामहरू, कर्मचारीहरूको कर्तव्य र प्राविधिक कुराहरू बडाहाकिममाथि लादिने छैन । विकास र कल्याण कार्यहरूद्वारा आफ्नो जिल्लाका जनताका आवश्यकताहरू पूर्ति गर्ने, समय तालिकाबमोजिम काम गराउने, अवधिभित्रै लक्ष प्राप्ति गराउने, भ्रष्टाचारको अभाव गराउने, यथायोग्य सामञ्जस्य गराउने, कार्यहरू कार्यान्वित गर्दा आइपर्ने कठिनाइ हटाउने र जनताको सहयोग प्राप्त गर्ने गराउनेमा उनी जवाफदेही हुने छन् । उपरोक्तबाट यही हुन आउँछ कि जिल्ला बडाहाकिमको मार्गप्रदर्शन प्रशासकीय क्षेत्रमा सीमित हुनुपर्छ र प्राविधिक कुरामा प्राविधिक अधिकारीहरूको विचार नै मानिनुपर्छ । आफ्नो विकास मण्डलका सदस्यहरू अर्थात् शिक्षा, स्वास्थ्य, नहर, ग्राम पञ्चायत, बनाउने काम, मालपोत र अरू जिल्ला स्तरीय विकास विभागका अधिकारीहरूबाट जिल्ला बडाहाकिमलाई काम लिन सक्ने निश्चयता दिलाउन उनीसित प्रशासकीय तथा अनुशासनसम्बन्धी नियन्त्रणका अधिकारहरू हुनु आवश्यक छ । यस विषयमा तलका सुझावहरू दिइन्छ :-

(१) बडाहाकिमको स्वीकृतिको निम्ति विकास अधिकारीहरूको भ्रमण कार्यक्रम पेस हुनुपर्छ । उनले आफूले आवश्यक ठानेका कुनै अदलाबदलीको सुझाव दिने छन् । आफूले आवश्यक सम्झेमा मुख्य मुकामैमा बस्ने या अत्यन्त जरूरी कामको सम्बन्धमा साह्रै छोटो पूर्वसूचना दिएर भ्रमणमा जाने आज्ञा विकास अधिकारीलाई दिन पनि सक्ने छन् ।

(२) बडाहाकिमले विकास अधिकारीलाई भइपरिआउने विदाको स्वीकृति दिने छन् ।

(३) विकास अधिकारीले आफूमाथिका प्राविधिक अधिकारी भेट्नपर्दा या भइपरिआउने बिदामा जिल्ला छाड्नुपरे अगावै जिल्ला बडाहाकिमको स्वीकृति लिने छन् ।

(४) विभागको कुनै अधिकारीको कामबाट आफू असन्तुष्ट भएमा जिल्ला बडाहाकिमले निजलाई सरूवा गर्न विभागीय प्रमुखलाई उचित कारबाहीको निम्ति लेख्न सक्ने छन् ।

(५) जिल्ला बडाहाकिमले जिल्ला विकास अधिकारीलाई कुनै तलका अधिकारीलाई एकबाट अर्कोमा सरूवा गर्न अह्राउन सक्ने छन् ।

(६) विकास अधिकारीहरूबाट बखतबखतमा प्रगतिको जाहेरी माग्ने र आफूले आवश्यक ठानेका आदेश उपदेश दिने अधिकार जिल्ला बडाहाकिमको हुनेछ ।

(७) विकास अधिकारीबाट प्रशासनसम्बन्धी कुनै कुरोबारे स्पष्टीकरण माग्ने अधिकार जिल्ला बडाहाकिमको हुने छ । जे होस् उनी विकास अधिकारीलाई दण्ड दिन सक्ने छैनन् तर आयुक्तमार्फत सरकारमा सो कुरो पेस गर्ने छन् ।

(८) जिल्ला बडाहाकिमले आफ्ना जिल्लाका विकास अधिकारीहरूको काम चरित्रबारे गोप्य जाहेरी लेख्ने छन् र आयुक्तमार्फत सरकारमा पठाउने छन् ।

(९) विभागीय प्रमुखहरू र यीमुनिका अड्डाहरूको बीच भएको शुद्ध प्राविधिक या केही महत्त्व नभएका लेखापढीबाहेक अरू सबको नक्कल जिल्ला बडाहाकिमलाई पठाइने छ ।

यी अधिकारहरूको यत्नपूर्वकको उपयोग भएमा बडाहाकिम विकास अधिकारीहरूबाट काम लिन समर्थ होलान् भन्ने आशा गरिन्छ । साथै यी अधिकारहरूमा मात्र भर पर्नु बडाहाकिमलाई बेबुद्धिमानी हुने छ भन्ने पनि जोड दिनै पर्छ । शिक्षित पेसावाल मानिसहरू बुद्धिमान्, धेरै योग्यता हासिल गरेका र अवसर ज्यादै भनाइ नखप्ने हुन्छन् । अनुशासनका कारबाहीले मात्रभन्दा आवश्यक नायकत्व प्रदान गरेर, प्राविधिक कुराहरूमा हस्तक्षेप नगरेर आफ्ना कामका दौतरीहरूसित युक्तियुक्त व्यवहार गर्नाले बडाहाकिमलाई झन् असल नतिजा मिल्ने छ ।

## जिल्ला योजनाहरू

पञ्च वर्षीय योजनालाई कार्यान्वित गर्दा बडाहाकिमले केके गर्नुपर्ने हो स्पष्टसित जान्नको निम्ति प्रत्येक जिल्लामा केके काम गर्ने हो सो दर्साई राष्ट्रिय योजनालाई जिल्ला योजनामा विभाजित गर्नु हितकर होला । अनि जिल्ला बडाहाकिम कामको प्रगतिमा ध्यान राख्ने र समयभित्र नै अवश्य सिद्धाउन लाउने अवस्थामा हुने छन् ।

## अदालती

पहिले न्यायपालिकाको सङ्गठन अमिनी अदालतहरू, जिल्ला अदालतहरू र राष्ट्रको निम्ति प्रधान न्यायालयको आधारमा बनेको थियो । हाकिमहरूलाई विचारीहरूले मद्दत गर्दथे । उनीहरूले सबै दिवानी र फौजदारी मुद्दाहरू हेर्थे । कहिलेकाहीँ बडाहाकिमलाई दुनियालाई दण्ड दिने अधिकार दिइन्थ्यो र अहिले सुरक्षा कानुनअन्तर्गत उनीहरूको थुन्ने र हिँड्डुलमा रोक लगाउने अधिकार छ । अहिले नयाँ न्यायपालिका प्रशासन (पुनर्गठन) विधान भन्ने ऐन बनेको छ । यो कानुनअन्तर्गत ६९ इलाका अदालतहरू र १५ जिल्ला जजहरू हुने छन् । विचारी प्रथा हटाइने छ र हाकिमले आफ्नो न्यायसम्बन्धी काम आफैले गर्नुपर्ने छ । कुनै

अधिकारीमा इलाका जजको अधिकार दिन सकिने पार्न यो ऐनमा संशोधन हुँदै छ । सरकारले निर्णय गरेअनुसार पञ्चायतहरूलाई अधिकार दिन सकिने छ भन्ने कुरो पनि यसमा छ ।

तराईका अदालतहरूमा कार्यपालिका र न्यायपालिका छुट्ट्याउने प्रथा कायम राख्नु बडा असल कुरो हो तापनि पर उत्तर भेगमा यिनीहरू मिलाउँदा स्पष्ट फायदा हुने छ भन्ने हामीलाई लाग्दछ । बस्ती पातलो छ । यातायात गाह्रो छ । मुद्दा थोरै हुन्छन् । पर उत्तर भेगमा उपक्षेत्रीय अधिकारीलाई इलाका जजको अधिकार दिनु उपयोगी होला । जनताले परसम्म हिँड्नुपर्ने छैन र न्याय छिटो हुने छ ।

असफल भएकोले गाउँ पञ्चायतहरू खारिज हुँदै छन् भन्ने हामीले बुझेका छौँ । यी संस्थाहरूलाई हुर्कन टायम लाग्दछ र यसरी झ्वाट्टै यिनलाई फ्याँसमहाल्नु सायद ज्यादै चाँडो भयो । यसकारण आफूले निर्णय गरेअनुसार ग्राम पञ्चायतहरूमा अधिकार प्रदान गर्ने शक्ति सरकारमा दिइएको व्यवस्था हामी स्वागत गर्दछौँ । पञ्चायतहरूले धेरै फायदा पाउँछन् । मुद्दा पर्नाका गहिँरेर रहेका कारणहरू उनीहरूलाई अक्सर थाहा हुन्छ । झगडियाहरू उनीहरूले चिन्छन् र सजिलोसित झुक्याउन सकिन्न । तिनीहरूले खर्चिलो कानुनी सल्लाह लिनु या टाढाको अदालतसम्म हिँड्नु नपारी छिटो र सस्तो न्याय दिन्छन् । सामुदायिक एकताको भावनाको विकासको लागि ग्राम पञ्चायतहरूले मुद्दा हेर्ने कुरो होसियारी साथ परीक्षा गरिँदै जानु नै पर्छ । मुद्दामामिला हद कम मात्रामा घटाउन ग्राम पञ्चायतहरूलाई मुद्दा छिन्नुभन्दा अघि मेल गराउन हर कोसिस गर्न लगाइनुपर्छ ।

हामीले अघि नै बडाहाकिम र उपक्षेत्रीय अधिकारीलाई चाहिने निरोधक अधिकारबारे व्याख्या गरिसक्यौँ ।

## जेल

जिल्ला तथा उपक्षेत्रीय मुकामहरूमा जेल हुनु अनावश्यक र खर्चिलो भन्ने सम्झन्छौँ । यी ठाउँहरूमा कारबाही चलिरहेकाहरूको निम्ति खोर मात्र हुनुपर्छ । क्षेत्रीय मुकामहरूमा केवल ६ वटा जेल हुनुपर्छ जहाँ सबै कैद ठेकिएकाहरू पठाउनुपर्छ । दुईवटा केन्द्रीय जेल एउटा काठमाडौँमा र सायद एउटा तराईमा वीरगन्जमा हुने छ ।

## आवश्यकीय वस्तुहरू

पहाडीहरूलाई चाहिने नुन, मट्टितेल, कपडा आदिको मोलमा प्रशस्त चालबाजी हुन्छ भन्ने हामीले थाहा पायौँ । तराईका बजारहरूमा आफ्ना उब्जनीको निमित्त यिनलाई ज्यादै कम मोल दिइन्छ र यिनै मालहरूको आफ्नो दरकार निकै बढी मोलमा किन्नुपर्छ । अर्को समस्या सिमेन्ट, फलाम, जस्तापाता आदि कोटाका वस्तुहरूको विक्रीसम्बन्धी हो । यस्ता आवश्यक वस्तुहरूको न्यायोचित वितरणको निम्ति सिभिल सप्लाई अड्डा कार्यकुशल हुनु

आवश्यक छ र कोटाका मालसामानहरू जिल्लाभित्र आइपुग्ने (र अघि नै गायब नहुने) गराउन सक्ने, न्यायपूर्वक वितरण गराउने, कालाबजार हुन या तोकिएभन्दा बढी मोलमा बिक्री हुन नदिने सामर्थ्य भएको हुनुपर्छ । यी बडाहाकिमका विशेष जवाफदेही हुनुपर्छ ।

### भ्रमण जाँच

जिल्ला बडाहाकिम जिल्लामा वर्षको १५० दिन भ्रमणमा जानपर्ने गराइनुपर्छ । यसले उनले सबै क्षेत्रमा जाने र त्यहाँको समस्या बुझ्ने गराउँछ । उजुरी पनि उनको भ्रमणको बेलामा चाँडो उनी समक्ष ल्याइने छ र कारबाही हुने छ ।

### विविध

बडाहाकिमका अरू महत्त्वपूर्ण कर्तव्यहरू बाढी र अनिकालमा सहायता, सञ्चार र नहरका प्रबन्धहरूको रखवारी तथा मरम्मत, भन्सार महसुल लाग्ने मालसामानहरू चौबाटोबाट चलाउने या भन्सार छल्ने हुन नदिने, भ्रष्टाचार, अवैध रूख काट्ने र वनको उपज लैजान रोक्ने, अस्पतालहरू, औषधालयहरू र शिक्षण संस्थाहरूमाथि देखरेख गर्ने, हातहतियारको लाइसेन्स लिन लाउने, पशुपक्षी तथा माछा जोगाउने, ऐतिहासिक तथा सुन्दर स्थानहरूको रक्षा गर्ने, मेला बजारहरूको देखरेख गर्ने र सफाइ स्वास्थ्यको बन्दोबस्त गर्नेसम्बन्धी हुने छ ।

बडाहाकिमको कर्तव्यहरूका पूरा विवरण दिन सकिन्न । सङ्क्षेपमा पनि भनौँ कि जिल्ला जे होस् बडाहाकिमको सम्बन्धको कुरो हुन्छ ।

### जिल्ला बडाहाकिमका निमित्त किताब

आफ्नो जिल्लाभित्र बडाहाकिमहरूले अनेक किसिमका कामहरू गर्नुपर्ने छ । सावधानीपूर्वक छान्ने तथा सर्वाङ्गपूर्ण तालिम दिने आवश्यकतामा अघि नै जोड दिइसकियो । जिल्ला बडाहाकिमलाई मद्दत गर्न एउटा पुस्तक सङ्ग्रह गर्नु आवश्यक छ । यो जिल्ला बडाहाकिमहरूको कर्तव्यहरूको सारसङ्ग्रह हुनुपर्छ र उनले लागू गर्नपर्ने ऐनहरू अथवा उनको अधिकार दिने ऐनहरू र उनका विविध कर्तव्यहरूसम्बन्धी कार्यपालिकाका उपदेशहरू दिइएको हुनुपर्छ । यसले नयाँ बडाहाकिमहरूमा आफ्ना विविध कर्तव्यहरूका स्पष्टतर ज्ञान गराउने छ र विनाहिचकिचाहट तथा शङ्का कामहरू गर्न सक्ने छन् ।

## ४. विविध अङ्गहरूको गठन

वर्तमान जिल्लाका सिमानाहरू ऐतिहासिक तत्त्वहरूको परिणाम हो भन्ने माथि नै व्याख्या भएको छ । आकारमा समानता वा प्रशासनमा निपुणता ल्याउने ध्येयले यी बनेका थिएनन् । वास्तवमा यिनीहरूमा ५०० वर्गमिलदेखि ५,६०० वर्गमिल तथा ७,००० देखि झन्डै ६ लाख जनसङ्ख्यासम्मको अन्तर छ । कार्यभार बराबर जस्तै बाँड्न जिल्लाहरूको आकारमा कुनै

किसिमको समानता ल्याउनपर्ने आवश्यकता स्पष्ट छ । अवश्यमेव जिल्लाको आदर्श आकार गर्ने कुनै निर्धारित नियम छैन । यो जनसङ्ख्याको घनापन, इलाकाको प्राकृतिक बनावट, यातायातको ढाँचा तथा अवस्था र विभिन्न स्थानहरूका समस्याहरूमा निर्भर गर्दछ । यसकारण विकास योजनाहरू सकुशल कार्यान्वित गर्ने दृष्टिकोणबाट यस अवस्थामा वर्तमान जिल्लाहरूको आकारको पुनर्विचार गर्नु हितकर होला ।

जिल्लाहरूको पुनर्गठन गर्दा ध्यानमा राखिएका विभिन्न कुराहरू सङ्क्षेपमा यहाँ उल्लेख गर्नु अप्रासङ्गिक हुने छैन । बडाहाकिम पुग्लान् अथवा नियन्त्रणमा राख्न सक्लान् भन्ने कम आशा भएको तथा नगण्य यातायात भएको पहाडी जिल्लाहरू एकभन्दा बढी जिल्लामा फोडिएका छन् । २,८०० वर्गमिल भएको धनकुटा, ताप्लेजुङ र धनकुटा दुई जिल्लामा बाँडिएको छ । यसै गरी पोखरा (२,६३३ वर्गमिल) दुई भागमा– नयाँ पोखरा जिल्ला, कास्की र लमजुङले बनेको र पश्चिम २ नं. मा सारिएका कुन्छा र भिर्लुंगकोट इलाका बाँडिएको छ । सल्यान (३,२३१ वर्गमिल), जाजरकोट र सल्यान दुई जिल्लामा बाँडिएको छ । जुम्ला (५,६०० वर्गमिल), हुम्ला र जुम्ला दुई जिल्लामा फोडिएको छ । डोटी, उत्तर डोटी र दक्षिण डोटी दुई जिल्लामा बाँडिएको छ ।

यसै गरी ५०० देखि ८०० या ९०० वर्गमिलसम्मका ज्यादै साना जिल्लाहरू खारिज गरिएका छन् र अरू जिल्लामा गाभिएका छन् । ५०० वर्गमिल तथा ७९,००० जनसङ्ख्या भएको झापा ५३० वर्गमिल तथा ११५ लाख बस्ती भएको इलाकामा गाभी झापा र इलाम दुई उपक्षेत्र हुने गरी मेची जिल्ला बनेको छ । ९२७ वर्गमिल तथा ९१,००० बस्ती भएको उदयपुरगढी उपक्षेत्रको रूपमा सप्तरीमा थपिएको छ । यसै गरी ९०२ वर्गमिल तथा १.०२ लाख बस्ती भएको सिन्धुलीगढी उपक्षेत्रको रूपमा महोत्तरीमा थपिएको छ । १,५५८ वर्गमिल तथा १.६४ लाख बस्ती भएको चिसापानीगढीमा ६०० वर्गमिल तथा ४१,००० जनसङ्ख्या भएको वीरगन्ज जिल्लाको चितवनको उत्तरी भाग थपिएको छ । भैरहवा मुख्य मुकाम हुने लुम्बिनी जिल्लाको अब पाल्पा उपक्षेत्र बन्छ । ८६४ वर्गमिल तथा ९०,००० बस्ती भएको दाङ देउखुरीको सानु जिल्ला तौलिहवामा थपिएको छ । ५५६ वर्गमिल तथा ७१,००० जनसङ्ख्या भएको डडेल्लधुरा बैतडी जिल्लाको उपक्षेत्रको बन्छ । ठूला जिल्लाहरू फोड्दा या साना जिल्लाहरू गाभ्दा यातायातको रूपरेखालाई विशेष ध्यानमा राखिएको छ । पहाडका उच्च श्रेणीहरू या नदी जस्ता प्राकृतिक भौगोलिक सिमानाहरूमा नै विभाजन भएको छ ।

एक जिल्लाका केही चोइटा अर्को जिल्लामा घुसेकोमा यातायातको मार्गले जोडिन दिने भएमा पछिल्लो जिल्लैमा थपिएका छन् । यस्ता परिवर्तनहरू पश्चिम ४ नं. बाट पर्वत थुम झिकी नयाँ बनेको पोखरा जिल्लामा गाभिनुसित सम्बन्धित छ । जुम्लाको तिब्रिकोट थुम बागलुङ्मा सारिएको छ । गर्भकोट थुमको आधी नेपालगन्जमा सारिएको छ । सल्यानबाट नौ सय, सात सय र आठ बजार भन्ने तीन थुम प्युठानमा सारिएको छ । गण्डकले बिल्कुलै पूर्वबाट छुटिएकोले नवलपुरलाई भैरहवामा गाभिएको छ । नक्सा र पूरा विवरण सँगै नत्थी गरिएको छ ।

जिल्लाको मुख्य मुकाममा कुनै परिवर्तन गरिएको छैन । जे होस् पश्चिम ४ नं. को मुख्य मुकाम वर्तमान ठाउँबाट अरू असल ठाउँमा सार्ने सवाल विचार गर्नु आवश्यकता छ । अब तल दिएअनुसारको जिल्लाहरू हुने छन् ।

| | जिल्लाको नाम | मुख्य मुकाम |
|---|---|---|
| १. | मेची | इलाम |
| २. | विराटनगर | विराटनगर |
| ३. | ताप्लेजुङ | ताप्लेजुङ |
| ४. | धनकुटा | धनकुटा |
| ५. | भोजपुर | भोजपुर |
| ६. | हनुमाननगर (सप्तरी, उदयपुर) | हनुमाननगर |
| ७. | सगरमाथा | ओखलढुङ्गा |
| ८. | जनकपुर (सिन्धुली) | जनकपुर |
| ९. | दोलखा (पूर्व २ नं.) | रामेछाप |
| १०. | चौतारा | चौतारा |
| ११. | काठमाडौँ | काठमाडौँ |
| १२. | वीरगन्ज | वीरगन्ज |
| १३. | त्रिशूली | नुवाकोट |
| १४. | राप्ती (चिसापानी, चितवन) | चिसापानी या हेटौँडा |
| १५. | गोर्खा, (कुन्छा) | गोर्खा |
| १६. | पोखरा | पोखरा |
| १७. | स्याङ्जा | स्याङ्जा |
| १८. | लुम्बिनी (भैरहवा, नवलपुर, पाल्पा) | भैरहवा |
| १९. | बागलुङ | बागलुङ |
| २०. | गुल्मी | गुल्मी |
| २१. | कपिलवस्तु | बहादुरगन्ज |
| २२. | प्युठान | प्युठान |
| २३. | हुम्ला | हुम्ला |
| २४. | कर्णाली | जुम्ला |
| २५. | जाजरकोट (उत्तर सल्यान) | जाजरकोट |
| २६. | सल्यान | सल्यान |
| २७. | दैलेख | दैलेख |
| २८. | नेपालगन्ज | नेपालगन्ज |
| २९. | बझाङ (उत्तर डोटी) | बझाङ |
| ३०. | डोटी | सिलगढी डोटी |
| ३१. | धनगढी | धनगढी |
| ३२. | महाकाली | बैतडी |

नक्साहरू यहाँ प्रकाशन गर्न सकिएको छैन ।

## उपक्षेत्रहरू

उपक्षेत्रहरूको सामान्य आकार पहाडमा ५०० वर्गमिल या एक लाख बस्ती र तराईमा ७५० वर्गमिल या डेढ लाख बस्ती हुनुपर्छ भन्ने हामीले ठानेका छौँ । इलाम, उदयपुर, सिन्धुली, दाङ र देउखुरी जस्ता साना जिल्लाहरू अहिले उपक्षेत्र बनेका छन् । यिनीहरूको सिमानामा कुनै अदलाबदली गरिएको छैन ।

उत्तरी इलाकाहरूमा विशेष ध्यानको दरकार छ । ती क्षेत्रहरूमा व्यावहारिक दृष्टिकोणबाट प्रशासन छँदै थिएन । केन्द्रबाट छुट्टिन खोज्ने तत्त्वहरूलाई चिताएको गर्नबाट रोक्न सिमानामा दरिलो प्रशासन हुनु आवश्यक छ । यसकारण उपक्षेत्रहरूको गठन गर्दा उत्तरी सीमावर्ती इलाकाहरूको आवश्यकतामा विशेष ध्यान दिइएको छ । तल दिइएका उपक्षेत्रहरूले यी इलाकाका आवश्यकता पूरा गर्ने छन् ।

१. ताप्लेजुङ
२. सङ्खुवासभा
३. रावा
४. सगरमाथा
५. रामेछाप
६. चैनकोट
७. चौतारा
८. नुवाकोट
९. धादिङ
१०. गोर्खा
११. मनाङ भोट
१२. मुस्ताङ
१३. छार्काभोट
१४. राहारा
१५. हुम्ला
१६. बझाङ
१७. बैतडी

सारा इलाकाको राम्रो भ्रमण हुन सकोस् भनेर बीचमा पारेर मुकामहरू राखिनुपर्ने आवश्यकतालाई ध्यानमा राखी जिल्ला मुकामहरू निर्मित भएका छन् । छिमेकका गाँउलेहरूले सजिलोसित आतेजाते गर्न सकुन् भन्ने हेतुले मुकामहरू मूल बाटामा पारिएका छन् । पानी पौल भएको र स्वास्थ्यकर ठाउँ हुन् भनिएकोले यी छानिएका हुन् ।

### ब्लकहरू

ग्राम विकास योजनामा मोटामोटीसित ब्लकहरूको आकार निर्धारित गरिएको छ । ब्लकको निम्ति तराईमा ६५,००० तथा पहाडमा ४५,००० जनसङ्ख्या सुझाव गरिएको छ । वैकल्पिक आधारको रूपमा पहाडमा २०० वर्गमिल तथा तराईमा ३०० वर्गमिल क्षेत्रफल हामीले निर्धारित गरेका छौं । यथासम्भव थुम या प्रगन्ना ब्लक बनाउँदा जम्माजम्मी नै गाभिएका छन् ।

### क्षेत्रहरू

जिल्लाहरूलाई क्षेत्रहरूमा एकत्रित गर्न अलि मुस्किल भएको छ । धेरै वैकल्पिक तरिका सम्भव थिए । पहाडी जिल्लाहरूको समस्याहरू समान छन् र तराई जिल्लाहरूका पनि एकैनासका छन् । पहाडी जिल्लाहरूलाई एक क्षेत्रमा र तराई जिल्लाहरू अर्को क्षेत्रमा समेट्नु बिल्कुल सम्भव हुने थियो । यस्तो पहाडी क्षेत्र बन्दोवस्त गर्नु ज्यादै गाह्रो हुने थियो । यातायातका रेखाहरू उत्तरमा तिब्बती सिमानाका भन्ज्याङको बाटोबाट दक्षिणमा हिन्दुस्थानी सिमानाका धेरै ठाउँहरूसम्म देशको जम्मै चौडाइमा रहेका छन् । यी बाटाहरूबाट सफर गर्नु धेरै सजिलो छ । पूर्वपश्चिम सफरमा निकासको धार पार गरेर जानुपर्दछ र धेरै नदीनालाहरू तर्नुपर्ने छ । यसकारण हामीले यातायातको रूपरेखाको पछि लाग्दै उत्तरदक्षिणका बाटाहरूका वरिपरिका जिल्लाहरूलाई एउटै मोडमा राखेका छौं । जिल्लाहरू सात क्षेत्रमा समेट्ने प्रस्ताव गरिएको छ ।

| **क्षेत्रको नाम** | | **जिल्लाको नाम** |
|---|---|---|
| १ | अरूण | मेची, विराटनगर, ताप्लेजुङ, धनकुटा र भोजपुर |
| २ | जनकपुर | हनुमाननगर, सगरमाथा, जनकपुर र दोलखा |
| ३ | काठमाडौं | काठमाडौं, चौतारा, त्रिशूली राप्ती र वीरगन्ज |
| ४ | गण्डक | पोखरा, गोर्खा, स्याङ्जा र कपिलवस्तु |
| ५ | कपिलवस्तु | बागलुङ, गुल्मी, प्युठान र कपिलवस्तु |
| ६ | कर्णाली | हुम्ला, कर्णाली, जाजरकोट, सल्यान, दैलेख र नेपालगन्ज |
| ७ | महाकाली | बझाङ, डोटी, धनगढी र महाकाली |

## ५. जिल्ला अड्डाहरूको पुनर्गठन

अब जिल्ला अड्डाहरूका नियमित काममा प्रशस्त थप हुने छ । पुलिस र मालपोत प्रशासनबाहेक जिल्ला बडाहाकिमले अब ग्राम विकास योजना निर्देशन गर्ने छन् र अरू

कल्याणकारी र विकास कार्यक्रमको निम्ति जवाफदेही हुने छन् । जिल्ला बडाहाकिमहरूले उपक्षेत्रीय अधिकारीहरूको, ब्लक विकास अधिकारीको, मालपोतका कर्मचारीको र ग्राम पञ्चायतका सचिवहरूको काम पनि नियन्त्रण गर्नुपर्ने छ । कामदारहरू सयौँ हुने छन् । यी कुराहरू र विभिन फाँटहरूमा आशा गरिएका कामका बोझ मनमा राखेर निम्नलिखित प्रस्तावहरू बनाइएका छन् ।

जिल्ला (बडाहाकिमको) अड्डा सात मुख्य फाँटमा विभाजित गर्न सकिन्छ :-

१. गोप्य फाँट
२. गोश्वरा फाँट
३. मालपोत फाँट
४. विकास फाँट
५. कर्मचारी फाँट
६. कानुन फाँट
७. तहबिल र हरहिसाब फाँट

हरेक फाँटको निम्ति चाहिने कामदारहरूको र विषयहरूको प्रयोगात्मक विवरण तल दिइएको छ ।

## १. गोप्य फाँट

यस फाँटले सरकारबाट प्राप्त विश्वस्त र गोप्य पत्रहरू र यिनका जवाफहरू तथा उपक्षेत्रीय अधिकारीहरूलाई दिइएको आदेशहरूको काम गर्ने छ । सारा राजनीतिक कुराहरू राजनीतिक नेताहरू तथा दलहरूसम्बन्धी शान्ति सुरक्षामा असर पार्ने कुराहरू, पाक्षिक गोप्य जाहेरी, अधिकारीहरूको काम या चरित्रबारेको जाहेरी र विश्वस्त किसिमको अरू कुनै विशेष जाहेरी यस फाँटले काम गर्ने छ । हाललाई सायद एउटा शीघ्र लिपिक (Stenographer) ले यो सब काम चलाउन सक्नुपर्ने हो ।

## २. गोश्वरा फाँट

१. शान्ति सुव्यवस्था
२. पुलिस र सैनिक
३. जग्गासम्बन्धी झगडा
४. सम्पत्ति अभियाचन
५. चुनाव
६. जनसङ्ख्या
७. सिनेमा
८. अनुज्ञापत्र, हातहतियारको अनुज्ञापत्रसमेत
९. छापाखाना र जनसम्पर्क

१०. जेल
११. आवश्यक सामग्री दिने र प्राप्त गर्ने
१२. पुस्तकालय
१३. रूपपत्र तथा लेखन सामग्री
१४. स्वशासन संस्थाहरू
१५. प्राचीन स्मारक चिन्हहरूको रक्षा ।

यस फाँटको काम एक सिनियर (जेष्ठ) र तीन जुनियर (कनिष्ठ) सहित एक प्रधान सहायकले चलाउन सक्नुपर्ने हो ।

## ३. मालपोत फाँट

१. भूमि सुधार
२. मोहियानी सुधार
३. मालपोत सङ्ग्रह
४. भूव्यवस्था
५. उत्पादन कर
६. अन्य करहरू
७. सरकारी दरबार, घर, बङ्गलाहरू
८. भूमिप्राप्ति
९. टिकटहरू
१०. बाढ र अभाव
११. अभिलेखालय तथा नक्कल विभाग

यस फाँटको काम एक जेष्ठ कर्मचारी (सिनियर) तथा तीन कनिष्ठ कर्मचारी (जुनियर) सहित एउटा प्रमुख सहायकले हेर्न सक्नुपर्ने हो । यो फाँट मालसुब्बाको मातहतमा हुनेछ ।

## ४. विकास फाँट

१. पञ्च वर्षीय योजना र सामञ्जस्य
२. जिल्ला विकास सल्लाहकार समिति
३. ग्राम विकास र देहात विकास योजना
४. स्थानीय विकास कार्यहरूको कार्यक्रम
५. सिँचाइ र माछा मार्ने काम
६. पर्ती जग्गाको आवादी
७. पिछडिएका इलाकाको कल्याण
८. सुन्दर स्थानको विकास र सुधार
९. ग्राम पञ्चायतहरू
१०. वन र पशुपक्षीहरूको संरक्षण
११. खानी

१२. सहकारी संस्थाहरू र ऋण
१३. तथ्याङ्क

एक ज्येष्ठ कर्मचारी तथा तीन कनिष्ठ कर्मचारीसहित एक प्रमुख सहायकले यो काम हेर्न सक्नुपर्ने हो । जिल्ला विकास अधिकारीले यो विभाग चलाउनमा जिल्ला बडाहाकिमलाई मद्दत गर्ने छन् ।

## ५. कर्मचारी फाँट

१. नियुक्ति, खटनपटन तथा सरूवा
२. व्यक्तिगत मामलाहरू (चरित्रसम्बन्धी विवरण राख्ने), लेखा, सेवा पुस्तक, छुट्टीलेखा आदि राख्ने, छुट्टी
३. विभागीय कारबाही
४. पेन्सन

यो फाँट एक कनिष्ट कर्मचारी मद्दतगारसहित एक ज्येष्ठ कर्मचारीको जिम्मामा राखिनुपर्छ ।

## ६. कानुन फाँट

१. दिवानी मुद्दाहरू
२. फौजदारी काम कारबाहीहरू
३. अपिल
४. तल्लो अदालतहरूको निरीक्षण
५. कैदीहरूको मुक्ति
६. वकिलहरू
७. फौजदारी जरिवाना
८. अदालत मालखाना
९. फौजदारी, निजामती या मालपोतसम्बन्धी अपिल या कारबाहीको निम्ति प्रार्थना र यीसित सम्बन्धित कुराहरू ।

प्रमुख सहायकको दर्जा भएको एक अदालती पेसकर र दुई कनिष्ठ कामदारहरूले यस फाँटको काम गर्न सक्नुपर्ने हो ।

## ७. तहबिल र हरहिसाब फाँट

१. नगदी तहबिल
२. टिकट विक्री
३. उत्पादन कर लाग्ने वस्तुहरूको लगत
४. तहबिलसम्बन्धी हिसाब फाँट
५. बडाहाकिम मातहत अड्डाहरूको पत्र तथा आयव्यय (यो कर्मचारी फाँटमा पनि जान सक्छ)

यो फाँट एक कोषाध्यक्ष या एक ज्येष्ठ लेखापालको मातहतमा कामको छाँट र बोझअनुसार एक या दुई लेखा कर्मचारी सहायकसहित हुनुपर्छ । माल सुब्बा यो फाँटको पनि जिम्मामा हुने छन् ।

## कर्मचारी वर्गको दरकारको स्तर

यस अवस्थामा कामको बोझको राम्रो विचार पुऱ्याएर कर्मचारीहरू तोक्नु गाह्रो छ । एउटा नमुनाको निम्ति साधारण स्तर माथि सुझाव गरिएको हो । कर्मचारीहरूको आवश्यकता बढी ठीकसित हिसाब गर्न कार्यभार यति हुनुपर्छ भन्ने कुनै आधारको व्यवस्था गर्नु आवश्यकता छ । यो काम व र एम फाँटलाई छोड्नुपर्ने छ ।

## तलब दर

सहायकहरूको चार तह (क) निम्न श्रेणीका कारिन्दा (ख) उच्च श्रेणीका कारिन्दा या सहायकहरू (ग) प्रमुख सहायक र (घ) अड्डा अधीक्षक होस् भन्ने हाम्रो सुझाव छ । कारिन्दाहरूको पदको श्रेणीकरण र यिनको तलब दरको निर्धारण पनि यही समितिलाई सुम्पिएको छ । यथासमयमा यी दरबन्दीहरूबारे छुट्टै जाहेरी पेस हुने छ ।

## जिल्लाहरूको 'क', 'ख' र 'ग' श्रेणीमा विभेद

आकार र कामको बोझले गर्दा पहिले विभिन्न जिल्लाहरूका केही विभेद गर्नु आवश्यक थियो । उचित तवरले बनेको कुनै निजामती सेवा थिएन । यसकारण सबै जिल्लालाई एकनासको व्यवहार गरेको भए खर्चिलो हुने थियो । जिल्लाहरूको अधिकारमा विवेकपूर्ण पुनर्गठन तथा विकास र कल्याणकारी कार्यहरू थपेपछि विभिन्न जिल्लाहरूमा यो विभेद अब अरू ठीक हुने छैन । सारा जिल्लामा काम निकै बोझा हुने छ । यसकारण जिल्लाहरूमा विभेद खतम गर्ने सिफारिस गरिन्छ ।

यसकारण प्रत्येक जिल्लामा बडाहाकिमलाई राजस्व तथा कोषसम्बन्धी कुरामा मद्दत गर्न एउटा माल सुब्बा तथा पञ्च वर्षीय योजनाअन्तर्गत ग्राम विकास योजना कार्यान्वित गर्न एक जिल्ला विकास अधिकारी हुने छ । शान्ति सुव्यवस्था जिल्ला बडाहाकिमको सोझै जिम्मेवारी रहिरहने छ । उनलाई सारा अड्डाको निम्ति एक अड्डा अधीक्षक, चार प्रमुख सहायकहरू, ज्येष्ठ लेखापाल या कोषाध्यक्ष, चार ज्येष्ठ कारिन्दाहरू, दुई अभिलेखा कारिन्दाहरू, कनिष्ठ कारिन्दाहरू र एक शीघ्रलिपिक हुने छन् ।

## उपक्षेत्रीय अड्डा

थोरबहुत बडाहाकिमको अड्डा सरह तर निकै सानु हिसाबमा यो अड्डा चल्ने छ । एक ब्लक मात्र भएको सानु उपक्षेत्रहरूमा छुट्टै ब्लक विकास अधिकारीको आवश्यकता पर्ने छैन ।

अरूहरूमा मुख्य मुकाम ब्लकका ब्लक विकास अधिकारीले विकास काम तथा पञ्च वर्षीय योजना कार्यान्वित गर्नमा उपक्षेत्रीय अधिकारीलाई मद्दत गर्ने छन् ।

अड्डाको जिम्मामा पेसी कामको निम्ति एक ज्येष्ठ कारिन्दा, शान्ति सुव्यवस्था फाँटमा दुई कनिष्ठ कारिन्दा, विकास फाँटमा तीन कनिष्ठ कारिन्दा र मालपोत फाँटमा दुई कनिष्ठ कारिन्दाहरूसहित एक प्रमुख सहायक हुने छ ।

ब्लक अड्डा :- यो ग्राम विकास योजनामा व्याख्या भएको छ ।

## क्षेत्रीय आयुक्तका अफिस

क्षेत्रीय आयुक्तका अफिस एउटा अफिस सुपरिटेन्डेन्टद्वारा सञ्चालित हुने छ र निजको मातहत चारजना हेड असिस्टेन्ट काम गर्ने छन् । तिनीहरूमध्ये एकजना मालपोत, एकजना वितस कार्य, एकजना शान्ति सुरक्षा र एकजना न्यायसम्बन्धी कार्यतर्फ रहने छन् । मालपोत फाँटमा एकजना सिनियर क्लर्क र २ जना जुनियर क्लर्क, विकास फाँटमा २ जना सिनियर क्लर्क र दुईजना जुनियर क्लर्क र शान्ति सुरक्षा फाँट र न्याय फाँट प्रत्येकमा एकएकजना सिनियर क्लर्क रहन सक्दछन् ।

यहाँ यो स्पष्ट हुनु आवश्यक छ कि यो स्टाफ अहिले कामको अनुमानित बोझको आधारमा प्रस्तावित गरिएको छ । यसबारे एक वर्षपछि व. एन्ड एम. को सिफारिसको आधारमा पुनर्विचार गर्नुपर्ने छ ।

## मकान, आवास फर्निचर

कुनै पनि अफिस आवास, स्टेसनरी फर्निचरको राम्रो व्यवस्था नभए दक्षतापूर्वक काम गर्न सक्दैन । क्षेत्रीय आयुक्तहरूका अफिस, बडाहाकिमहरूका अफिस र प्रमण्डल अधिकारीहरूका अफिसमा चाहिने मद्दतको आधारमा अफिस र आवासको लागि मकानहरूको योजना तैयार पारिएको छ । नक्सा र इस्टिमेट यसै साथ गाभिएको छ । फर्निचर र स्टेसनरीको केकति जरूरत छ त्यसको पनि हिसाब लगाइएको छ र यी सबै परिशिष्टाङ्कमा दिइएका छन् ।

## तलब र मद्दत

हामी विश्वास गर्छौं कि विभिन्न नोकरीको लागि तलब दर सरकारको विचाराधीन भइसकेको छ । यहाँ दर्साइएका दर्ज्यानीमा हुने अधिकारीहरू यी नोकरीहरूबाट लिइने छन् र आफ्नो तलब आफ्नै दरबमोजिम लिने छन् । जे भए पनि यो सुझाव दिइन्छ कि दर अत्यन्तै कम हुनु हुँदैन । यस कारण विचारको निम्ति तलब दर सुझाव गरिन्छ :-

[1] * नक्सा तथा इस्टिमेटहरू यहाँ प्रकाशित गर्न सकिएको छैन ।

| | |
|---|---|
| उपक्षेत्रीय अधिकारी/माल सुब्बा - | २५०-१०-४३० |
| बडाहाकिम — | ७५०-१५-९०० |
| प्रगुणताअर्गल- | २०-१००० |
| आयुक्त — | १२००-२५-१५०० |

विभिन्न जिल्लाहरूमा नोकरी गर्ने अधिकारीहरूमा तलबमा कुनै फरक हुनु हुँदैन तापनि मुकामसितको सम्पर्कको सुगमता रहनसहनको आवश्यक खर्चपर्च, सुखसुविधाको सम्भावना, ज्यादै कडा किसिमको जीवनी र यस्तै अरू कुराहरूका आधारमा स्थानीय भत्ताको निम्ति भने राम्रो तर्क गर्न सकिन्छ ।

## भ्रमणहरू

भ्रमणलाई प्रोत्साहन गर्नुपर्छ । केवल भ्रमणद्वारा नै अधिकारीहरूले आफ्नो इलाका र समस्याहरू, जनताका आवश्यकताहरू र लोकमतका सबै किसिमका प्रवाहहरूको ज्ञान पाउँछन् । अनि तिनीहरू जनताका आवश्यकताहरू पुऱ्याउन र उनीहरूको पीरमर्का छुट्याउन र आफ्नो इलाकामा भइपरिआएका कुनै नयाँ कुराहरूबारे सरकारलाई जानिफकार गराउनसमेत कदम चाल्ने अवस्थामा हुन्छन् । न्यूनतम भ्रमण तोकिनुपर्छ । तल दिइएको न्यूनतम सुझाव गरिन्छ :—

| | |
|---|---|
| आयुक्त | १२० दिन एक वर्षमा |
| जिल्ला बडाहाकिम | १२० दिन एक वर्षमा |
| उपक्षेत्रीय अधिकारी | १८० दिन एक वर्षमा |

माथि अधिकारीले भ्रमणको त्रैमासिक जाँच हुनुपर्दछ । भ्रमण भत्ता तथा दैनिक भत्ता खर्च बेहोर्न मनग्य पुग्ने हुनुपर्दछ । वास्तवमा उपक्षेत्रीय अधिकारी र बडाहाकिमको निम्ति पहाडी जिल्लाहरूमा घोडा र राम्रो पक्की सडक भएको ठाउँमा जिप मोटर दिनु हितकर हुने छ । उपयुक्त ठाउँहरूमा सरकारी बङ्गलाको प्रबन्ध हुनुपर्छ । अधिकारीहरूको निम्ति पालसालको प्रबन्ध पनि होस् ।

परिशिष्ट क

# १. अरूण क्षेत्र

धनकुटामा मुख्य मुकाम भई अरूण क्षेत्र पाँच जिल्ला भएको छ । विराटनगर, धनकुटा, ताप्लेजुङ, मेची (इलाम र झापा) र भोजपुर यसको करिब ७,००० वर्गमिल क्षेत्रफल र ११ लाख बढी बस्ती हुने छ । यसको पूर्वमा पश्चिम बङ्गाल, उत्तरमा तिब्बत, दक्षिणमा बिहार र पश्चिम बङ्गाल र पश्चिममा जनकपुर क्षेत्र पर्छ । यो ११ उपक्षेत्रहरूमा बाँडिएको छ ।

| **अरूण क्षेत्र** | |
|---|---|
| जिल्ला | विराटनगर |
| मुख्य मुकाम | विराटनगर |
| क्षेत्रफल | १,२०० वर्गमिल |
| जनसङ्ख्या | २.३ लाख |

यो जिल्ला जस्ताको तस्तै छोड्ने प्रस्ताव गरिन्छ । जे होस् प्रशासनको निम्ति यो प्रत्येक उपक्षेत्र अघिल्तिर उल्लिखित प्रगन्नाले बनेको विराटनगर र रङ्गेली दुई उपक्षेत्रमा विभाजित गरिएको छ । क्षेत्रफलमा दुवैमा उस्तो फरक छैन तर जनसङ्ख्यामा रङ्गेली सानु होला । विराटनगर उपक्षेत्र असल सडक र सञ्चार साधन संयुक्त छ । यसकारण बढी जनता भए पनि प्रशासन उस्तो गाह्रो हुने छैन । यस जिल्लाका केही प्रसन्नाहरू जिल्लाको पूरा चौडाइभर नै साङ्ग्रो लमतन्ने बाटोझैँ भएर बीचमा फैलिएका छन् । प्रशासन र विकास कार्यको निम्ति यस्ता लमतन्ने फैलावटहरू हटाएर प्रगन्नाहरू बढी चकला मिलेको तुल्याए बेस हुने थियो ।

| | **उपक्षेत्र** | **मुख्य मुकाम** | **क्षेत्रफल** | **जनसङ्ख्या** | **गठन** |
|---|---|---|---|---|---|
| १. | विराटनगर | विराटनगर | ८३५ | १.६८ लाख | यो विजयपुर, फत्तेहरिपुर, वेली, मानगढ, मालाभेलेनी, गोग्राहा र कटहरी प्रसन्नाहरूले बनेको छ । |
| २. | रङ्गेली | रङ्गेली | ७०० | ६४ लाख | वरियाती, हर्षपुर लहर भट्टा, मिकलुँग, इटहरा सोनापुर, हरिचन गढी । |

| **अरूण क्षेत्र** | |
|---|---|
| जिल्ला | धनकुटा |
| मुख्य मुकाम | धनकुटा |
| क्षेत्रफल | १,९०० वर्गमिल |
| जनसङ्ख्या | २.३९ लाख |

धनकुटा ३,८०० वर्गमिल क्षेत्रफल भएको एक ठूलो जिल्ला हो । उत्तरमा यसको लामु सिमाना छ । यसको ५ लाखभन्दा बढी जनसङ्ख्या छ । यसकारण योग्यतर प्रशासनको निम्ति यस जिल्लालाई धनकुटा जिल्ला र ताप्लेजुङ दुई जिल्लाहरूमा विभाजन गर्नु हितकर सम्झियो । यी दुई नयाँ जिल्लाहरूको साँध लुम्बासुम्बा हिमाल र यसको दक्षिण प्रसार निर्धारित गरिएको छ ।

| | उपक्षेत्र | मुख्य मुकाम | क्षेत्रफल | जनसङ्ख्या | गठन |
|---|---|---|---|---|---|
| १. | धनकुटा | धनकुटा | ७०० | १.२२ | थुमहरूः खाल्सा, छ थर, धनकुटा, चौबीसे, झलारा र मिकलुङ पहाड । |
| २. | सङ्खुवासभा | खाँदवारी | ७०० | .४५ | थुमहरूः सङ्खुवा उत्तर र सभा उत्तर |
| ३. | चैनपुर | चैनपुर | ५०० | .७२ | थुमहरू : पाँच खपन, मैवा खोला, चैनपुर पाँच मझिया र दस मझिया । |

**अरूण क्षेत्र**

| | |
|---|---|
| जिल्ला | ताप्लेजुङ |
| मुख्य मुकाम | ताप्लेजुङ |
| क्षेत्रफल | १९०० वर्गमिल |
| जनसङ्ख्या | २.७१ लाख |

ज्यादै ठूलो भएकोले धनकुटा फोडेर यो जिल्ला बनाइएको छ । तमोर र याङ्गमा खोलाका शिरमा तिप्तुला भन्ज्याङ र खाङ्ला देउराली दुई तिब्बत जाने बाटो भएको उत्तर र पूर्वमा यसको लामो सिमाना छ । यस जिल्लामा तमोर जल पोषक क्षेत्र सबभन्दा महत्त्वपूर्ण इलाका हो । प्रशासनको निम्ति जिल्ला दुई क्षेत्रमा बाँडिएको छ । उत्तरमा मेवा र तमोर थुम जोरेर तेस्रो उपक्षेत्र बनाउन हामीले खोज्यौँ तर यी दुई थुमहरूको बीचमा सोझै सम्बन्ध कुनै सम्बन्ध कुनै छैन । केवल ताप्लेजुङको बाटो नै मिलान गराउँछ ।

| | उपक्षेत्र | मुख्य मुकाम | क्षेत्रफल | जनसङ्ख्या | गठन |
|---|---|---|---|---|---|
| १. | ताप्लेजुङ | ताप्लेजुङ | १,२०० | १.०८ | ताप्लेजुङ, यांगरूप, तमर खोला र मेवा खोला थुमहरू |
| २. | पाँचथर | फेदाम | ७०० | १.६३ | पाँचथर, फेदाम र आठराइ थुमहरू |

**अरूण क्षेत्र**

| | |
|---|---|
| जिल्ला | मेची |
| मुख्य मुकाम | इलाम |

| | |
|---|---|
| क्षेत्रफल | १०३० वर्गमिल |
| जनसङ्ख्या | १.९४ लाख |

इलाम र झापा छुट्टै जिल्ला भएर रहन ज्यादै साना छन् । यसकारण मेची नाम दिने गरेर ती एउटै जिल्ला बनाउन गाभियुन् भन्ने सुझाव दिइन्छ । यिनलाई जोड्ने झापा र भद्रपुरबाट गएर शनिश्चरेमा मिल्ने र पछि गाँजाबारी र मालुवासेको बाटो गरी इलामसम्म जाने सडक हो । प्रशासनको निम्ति प्रत्येक एक उपक्षेत्र बन्ने छ ।

| | **उपक्षेत्र** | **मुख्य मुकाम** | **क्षेत्रफल** | **जनसङ्ख्या** | **गठन** |
|---|---|---|---|---|---|
| १. | इलाम | इलाम | ५३० | १.१५ | हालको सम्पूर्ण जिल्ला |
| २. | झापा | भद्रपुर | ५०० | ७९ | हालको सम्पूर्ण जिल्ला |

**अरूण क्षेत्र**

| | |
|---|---|
| जिल्ला | भोजपुर |
| मुख्य मुकाम | भोजपुर |
| क्षेत्रफल | ९२६ वर्गमिल |
| जनसङ्ख्या | २.३९ लाख |

यातायातको रेखालाई यथायोग्य ध्यान दिएर यो जिल्ला अरूण क्षेत्रमा गाभिएको हो । यो जिल्ला र सँगैको धनकुटा जिल्ला वराह क्षेत्र हुँदै चतरा विराटनगर जाने बाटोसित जोडिएको छ । वराह क्षेत्रबाट उत्तरपूर्व धनकुटातर्फ र उत्तरपश्चिम भोजपुरतर्फ बाटो जान्छ । यसको आकार हेरेर यस जिल्लाको जनसङ्ख्या अलि बाक्लै छ । प्रशासनार्थ पिखुवाल खोलालाई छुट्ट्याउने रेखा मानेर यसलाई दुई उपक्षेत्रमा बाँडेको छ ।

| | **उपक्षेत्र** | **मुख्य मुकाम** | **क्षेत्रफल** | **जनसङ्ख्या** | **गठन** |
|---|---|---|---|---|---|
| १. | भोजपुर | भोजपुर | ४५० | १.०६ | कुलुङ, मझुवा, दिङ्ला, दावा, फाली वोखिम, भोजपुर र पौवा |
| २. | खोटाङ | खोटाङ | ४७६ | १.३३ | दिक्तेल रतज्छा, चुहाचुम्मा, दिप्रुङ, खोटाङ, आमचौक, हत्वा र चोडण्डी । |

# २. जनकपुर क्षेत्र

जनकपुर क्षेत्र जनकपुर जिल्ला (सिन्धुली गढीसहित), हनुमान नगर, दोलखा (पूर्व २ नं.), सगरमाथा (पूर्व ३ नं.) चार जिल्लाहरूको बनाउने प्रस्ताव गरिन्छ । यसको ७,४२३ वर्गमिलको क्षेत्रफल तथा १७.०२ लाख जनसङ्ख्या हुने छ । एघार उपक्षेत्रहरू हुने छन् । जिल्लाहरू यातायातका डोराहरूले संबद्ध छन् ।

**जनकपुर क्षेत्र**

| | |
|---|---|
| जिल्ला | जनकपुर |
| मुख्य मुकाम | जनकपुर |
| क्षेत्रफल | २,२५५ वर्गमिल |
| जनसङ्ख्या | ६.५६ लाख |

यो जिल्लामा पहिलेका महोत्तरी, सर्लाही र सिन्धुली माल जिल्लाहरू पर्दछन् । वर्तमान यातायात तथा सञ्चारका सुविधाहरू ध्यानमा राखेर प्रशासनार्थ यी तीन जिल्लाहरू एउटा संयुक्त जिल्लामा गठित गरियो । जनकपुरबाट उत्तरको बाटो सिन्धुली गढी भएर जान्छ । गढीबीचमा पर्ने र एन.जे.जे.आर रेलको अन्तिम स्टेसन पनि भएकोले जिल्ला मुकाम जनकपुरमा निर्धारित गरिएको छ । पुनश्च, यसको ठूलो ऐतिहासिक पृष्ठभूमि छ । छुट्टै जिल्ला भएर रहन सिन्धुली ज्यादै सानु छ र अब उपक्षेत्र बन्द छ ।

| | **उपक्षेत्र** | **मुख्य मुकाम** | **क्षेत्रफल** | **जनसङ्ख्या** | **गठन** |
|---|---|---|---|---|---|
| १. | जनकपुर | जनकपुर | ५१९ | २.३६ | टप्पा बहादुरा, कमला खौँच, कोरादी र खेसराह |
| २. | जलेश्वर | जलेश्वर | ३०० | १.८४ | असिभो र महोत्तरी प्रगन्नाहरू |
| ३. | सर्लाही | मलङ्गवा | ४६२ | १.३४ | अहिले जस्तै |
| ४. | सिन्धुली | सिन्धुली गढी | ९०२ | १.०२ | अहिले जस्तै |

**जनकपुर क्षेत्र**

| | |
|---|---|
| जिल्ला | हनुमाननगर |
| मुख्य मुकाम | हनुमाननगर |
| क्षेत्रफल | १८३९ वर्गमिल |
| जनसङ्ख्या | ५.२१ लाख |

वर्तमान राजविराज र उदयपुर दुवै जिल्लाको केवल नौनौ सय वर्गमिलको क्षेत्रफल छ । उदयपुरको जनसङ्ख्या ९१,००० मात्र छ । अहिले यी दुई जोडिएका छन् । यो नयाँ जिल्ला पुरानु सप्तरी, सिराहा र उदयपुर माल क्षेत्रहरूबाट बनेको छ । यातायात तथा सञ्चारका रेखालाई ध्यानमा राखी यो गरिएको छ । बालन नदीको पश्चिमको सप्तरीको भाग सिराहामा गाभिएको छ किनकि सिराहा जस्ताको तस्तो उपक्षेत्रको निम्ति ज्यादै सानु ठहऱ्याइयो ।

| | **उपक्षेत्र** | **मुख्य मुकाम** | **क्षेत्रफल** | **जनसङ्ख्या** | **गठन** |
|---|---|---|---|---|---|
| १. | हुनमाननगर | हनुमाननगर | ५.१२ | २.१५ | यसको पश्चिमी साँध बालन नदी हुने छ । (राजविराज) |
| २. | सिराहा | सिराहा | ४०० | २.२२ | वर्तमान सिराहा माल इलाका, गुदीगाँउ प्रगन्ना र |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | | बालन नदीको पश्चिमको पकरियाको हिस्सा । |
| ३. | उदयपुर | उदयपुर | ९२७ | ०.८९ | वर्तमान जस्तै । |

**जनकपुर क्षेत्र**

| | |
|---|---|
| जिल्ला | दोलखा |
| मुख्य मुकाम | रामेछाप |
| क्षेत्रफल | १,२९१ वर्गमिल |
| जनसङ्ख्या | २.५० लाख |

यो पहाडी जिल्ला जस्ताको तस्तो छोडिएको छ । जनकपुर क्षेत्रमा गाभ्नाको कारण यातायातको सुविधा हो । जनकपुरबाट बाटो सिन्धुली हुँदै रामेछाप पुगी उत्तरी सिमानामा मेलुङ, चरिकोट र लामबगर निस्की रोलवालिङ हिमालमा लामटुङ भन्ज्याङ भेट्छ । तामा कोसी नदी विभाजित दुई उपक्षेत्रहरूमा यो जिल्ला विभाजित गरेको छ ।

| | उपक्षेत्र | मुख्य मुकाम | क्षेत्रफल | जनसङ्ख्या | गठन |
|---|---|---|---|---|---|
| १. | चिसङ्खु | रामेछाप | ७९१ | १.२२ | चङ्खु, सोलु, नाम्दु, प्रिती र रामेछाप |
| २. | दोलखा | चरिकोट | ५०० | १.२८ | देउलाङ, दोलखा, सिमरास आमलपुर र बाह्र सुवा । |

**जनकपुर क्षेत्र**

| | |
|---|---|
| जिल्ला | हनुमाननगर |
| मुख्य मुकाम | ओखलढुङ्गा |
| क्षेत्रफल | २,०३७ वर्गमिल |
| जनसङ्ख्या | २.७५ लाख |

परिवर्तन छैन । दक्षिणबाट यो जिल्ला बढी सुगम भएकोले यो जनकपुर क्षेत्रमा गाभियो । यो जिल्ला ओखलढुङ्गा र रावा दुई उपक्षेत्रहरूमा विभाजन गरिएको छ ।

| | उपक्षेत्र | मुख्य मुकाम | क्षेत्रफल | जनसङ्ख्या | गठन |
|---|---|---|---|---|---|
| १. | ओखलढुङ्गा | ओखलढुङ्गा | १३३७ | १.५१ | सोलु र दुध कोसी पश्चिमका थुमहरू । |
| २. | रावा | ऐसेलुखर्क | ७०० | १.२४ | रावा, हलेसी, खामतेल र मझुवा थुमहरू । |

## ३. काठमाडौं क्षेत्र

काठमाडौं क्षेत्र तलका पाँच जिल्लाहरूको हुने छ :-
काठमाडौं, वीरगन्ज राप्ती, चौतारा र त्रिशूली ।

यसको ६,१४४ वर्गमिलको क्षेत्रफल तथा १७.९३ लाख जनसङ्ख्या हुने छ । यसको राम्रो यातायातको बन्दोबस्त र चक्ला मिलेको क्षेत्र छ ।

**काठमाडौँ क्षेत्र**

| | |
|---|---|
| जिल्ला | वीरगन्ज |
| मुख्य मुकाम | वीरगन्ज |
| क्षेत्रफल | १३८८ वर्गमिल |
| जनसङ्ख्या | ५.१४ लाख |

वीरगन्जमा मुख्य मुकाम भई अहिलेका बारा, पर्सा र रौतहट जिल्लाहरू एउटै जिल्ला हुने छन् । प्रशासनको निम्ति प्रत्येक उपक्षेत्र हुनुपर्छ ।

| | **उपक्षेत्र** | **मुख्य मुकाम** | **क्षेत्रफल** | **जनसङ्ख्या** | **गठन** |
|---|---|---|---|---|---|
| १. | बारा | कलैया | ५१५ | २.१० | |
| २. | पर्सा | वीरगन्ज | ४५७ | १.१४ | |
| ३. | रौतहट | गौर | ४१६ | १.९० | |

**काठमाडौँ क्षेत्र**

| | |
|---|---|
| जिल्ला | राप्ती |
| मुख्य मुकाम | चिसापानी |
| क्षेत्रफल | २,१६३ वर्गमिल |
| जनसङ्ख्या | २.०५ लाख |

चिसापानी र चितवनको एक जिल्ला बनाउने प्रस्ताव गरिएको छ । ठूलो असम्भारको चिसापनीको आकारलाई ध्यानमा राखेर यसलाई चिसापानी र मकवानपुर दुई उपक्षेत्रमा बाँड्ने सुझाव दिइएको छ । चिसापानी उपक्षेत्र पहाडी भाग हुने छ र क्षेत्रफल मकवानपुरको १,३०० को दाँजो २०० वर्गमिल मात्र भए पनि जनसङ्ख्या झन्डै उत्तिकै हुने छ । चिसापानीको पहाडी प्रकृतिले प्रशासनार्थ उपक्षेत्रको निर्माण मुनासिब ठहर्छ । चितवन मकवानपुरको हाराहारी जोडिएकै भएकोले यसलाई वीरगन्जबाट फोडी यही जिल्लाको उपक्षेत्र बनाउनु हितकर छ । यी तीन उपक्षेत्रहरू काठमाडौँ जाने बाटोमा परेको र विकास कार्यहरूको केन्द्र पनि हुने भएकोले योग्यतर प्रशासनको निम्ति यी तीन उपक्षेत्रहरूको एक जिल्ला बनाउनु हितकर होला ।

| | **उपक्षेत्र** | **मुख्य मुकाम** | **क्षेत्रफल** | **जनसङ्ख्या** | **गठन** |
|---|---|---|---|---|---|
| १. | चितवन | झुवानी | ६०५ | .४० | अहिले जस्तै क्षेत्र । |
| २. | चिसापानी | चिसापानी पालुङ | २०० | .३२ | आग्रा, तिस्टुङ, कुलेखानी, चितलाङ र पालुङ मौजाहरू । |
| ३. | मकवानपुर | मकवानपुर | १३०० | .३८ | खेसराहा, दोस्तिया, सेतीबन्जर, कालीबन्जर, सामरी र मतिवन मौजाहरू । |

**काठमाडौँ क्षेत्र**

| | |
|---|---|
| जिल्ला | चौतारा |
| मुख्य मुकाम | चौतारा |
| क्षेत्रफल | १,४९३ वर्गमिल |
| जनसङ्ख्या | ३.७० लाख |

जिल्लाको साँधमा परिवर्तनको सुझाव छैन । योग्यतर प्रशासनार्थ अहिलेका माल अड्डाहरूका अधिकार क्षेत्रअनुसार जिल्लालाई दुई उपक्षेत्रमा बाँड्ने सुझाव दिइन्छ । तातोपानी र कुतीको बाटोमा पर्ने चौतारा जिल्लाको मुख्य मुकाम हुनुपर्छ ।

**उपक्षेत्र मुख्य मुकाम क्षेत्रफल जनसङ्ख्या गठन**

१. चौतारा चौतारा ८०० १.८० यो हालको माल अड्डाको अधिकार क्षेत्रको हुने छ ।

२. धुलिखेल धुलिखेल ७०० १.९० ऐ ऐ

**काठमाडौँ क्षेत्र**

| | |
|---|---|
| जिल्ला | त्रिशूली |
| मुख्य मुकाम | नुवाकोट |
| क्षेत्रफल | १९०० वर्गमिल |
| जनसङ्ख्या | २.८६ लाख |

कुनै परिवर्तनको सुझाव दिइन्न । माल अड्डाका अधिकार क्षेत्रअनुसार यसलाई दुई उपक्षेत्रमा बाँड्नुपर्छ ।

| | उपक्षेत्र | मुख्य मुकाम | क्षेत्रफल | जनसङ्ख्या | गठन |
|---|---|---|---|---|---|
| १. | त्रिशूली | नुवाकोट | १००० | १.५० | हालको मालको अधिकार क्षेत्रहरूले बन्ने छ । |
| २. | धादिङ | धादिङ | ९०० | १.३६ | ऐ ऐ |

**sf7df8f}F lf]q**

| | |
|---|---|
| जिल्ला | काठमाडौँ |
| मुख्य मुकाम | काठमाडौँ |
| क्षेत्रफल | २०० वर्गमिल |
| जनसङ्ख्या | ४.१८ लाख |

बाक्लो बस्ती भएको उपत्यका अहिले जस्तै तीन उपक्षेत्रमा विभाजित भएको छ ।

| | उपक्षेत्र | मुख्य मुकाम | क्षेत्रफल | जनसङ्ख्या | गठन |
|---|---|---|---|---|---|
| १. | कान्तिपुर | काठमाडौँ | ८० | २.०० | |
| २. | ललितपुर | ललितपुर | ६० | १.३५ | |
| ३. | भक्तपुर | भक्तपुर | ४० | .८४ | |

# ४. गण्डक क्षेत्र

पोखरामा मुख्य मुकाम भएको गण्डक क्षेत्र लुम्बिनी (पाल्पा, भैरहवा), स्याङ्जा, पोखरा र गोरखा चार जिल्लाले बनेको छ । यसको ५,४०० वर्गमिल क्षेत्रफल र १२ लाख बढी जनसङ्ख्या हुने छ । यो क्षेत्रलाई १० उपक्षेत्रहरूमा विभाजित गरिएको छ । यो क्षेत्र उत्तरमा तिब्बतसम्म र दक्षिणमा भारतका उत्तर प्रदेश र राज्यहरूसम्म फैलिएको छ ।

| **गण्डक क्षेत्र** | |
|---|---|
| जिल्ला | लुम्बिनी |
| मुख्य मुकाम | भैरहवा |
| क्षेत्रफल | १००० वर्गमिल |
| जनसङ्ख्या | ३.६३ लाख |

यातायातका रेखा, इलाका समीपता तथा आर्थिक व्यवस्था मनमा राखेर बुटबलको पाली माझखण्ड जिल्ला र पाल्पा मध्य पाल्पा र पूर्वी पाल्पा जनसङ्ख्या ब्लकहरूको खास पाल्पा एक जिल्लामा पुनर्गठन गरिनुपर्छ भन्ने सुझाव गरिएको छ । पालीबाट बढी सुगम भएकोले नवलपुर पालीमा जोडिएको छ । स्पष्ट कारणले यो पुनर्गठित जिल्लालाई लुम्बिनी नाम दिइएको छ । प्रशासनार्थ तल थुम, प्रगन्ना या जनसङ्ख्या ब्लकअघिल्तिर देखाइएका तीन उपक्षेत्रहरूमा विभाजन गरिएको छ ।

| | उपक्षेत्र | मुख्य मुकाम | क्षेत्रफल | जनसङ्ख्या | गठन |
|---|---|---|---|---|---|
| १. | पाली | परासी | ५५० | .९८ | पाली र नवलपुर जम्मै |
| २. | भैरहवा | भैरहवा | ३५० | १.१७ | भैरहवा जम्मै |
| ३. | पाल्पा | तानसेन | २०० | १.४९ | पाल्पा, मध्य पाल्पा र पूर्वी पाल्पा जनसख्या ब्लकहरू । |

| **गण्डक क्षेत्र** | |
|---|---|
| जिल्ला | स्याङ्जा |
| मुख्य मुकाम | स्याङ्जा नुवाकोट |
| क्षेत्रफल | ५०० वर्गमिल |
| जनसङ्ख्या | ३ लाख |

क्षेत्रफलमा यो साह्रै सानु जिल्ला हो । तर यसको धेरै जनसङ्ख्या छ । यस जिल्लाको बाक्लो बस्ती भएको इलाकाबाट उत्तरतिर फैलिएर गएको पर्वत थुम नियन्त्रणमा राख्न गाह्रो छ । यसको पोखरासित राम्रो यातायात प्रबन्ध छ । यसकारण यो थुम पोखराको कास्की उपक्षेत्रमा जानुपर्छ । स्याङ्जाको पुनर्गठित जिल्ला तल आफ्ना अघिल्तिर थुमहरू देखाइएका दुई उपक्षेत्रहरूमा बाँडिएको छ ।

| | उपक्षेत्र | मुख्य मुकाम | क्षेत्रफल | जनसङ्ख्या | गठन |
|---|---|---|---|---|---|
| १. | भिर्कोट | भिर्कोट चाप | ३०० | १.५१ | गैह्रो र भिर्कोट |
| २. | नुवाकोट | नुवाकोट | २०० | १.५० | पैयुं, सर्तो र नुवाकोट |

**गण्डक क्षेत्र**

| | |
|---|---|
| जिल्ला | पोखरा |
| मुख्य मुकाम | पोखरा |
| क्षेत्रफल | १५०० वर्गमिल |
| जनसङ्ख्या | २.९० लाख |

२,६०० वर्गमिल भएको पोखरा एउटै बडाहाकिमले व्यवस्था चलाउन गाह्रो पर्ने ज्यादै ठूलो पहाडी जिल्ला हो । सम्भावित ऐश्वर्यपूर्ण विशाल महत्त्वपूर्ण उत्तरी क्षेत्रमा नगण्य ध्यान छ । यस कारण पुनर्गठित पोखरा जिल्लामा हालको तनहुँ उपक्षेत्र तथा अन्दाजी २०० वर्गमिल क्षेत्रफलको स्याङ्जाको पर्वत थुम गाभिएको कास्की उपक्षेत्र हुनुपर्छ भन्ने सुझाव छ । लमजुङ उपक्षेत्र तथा मनाङ भोट र भोट तीन गाउँ दुइटा बेग्लै उपक्षेत्रमा पुनर्गठित भएका छन् र हालको गोरखा जिल्ला स्वतः जिल्ला हुन ज्यादै सानु भएकोले गोरखालाई जिल्ला बनाउन गोरखामा गाभिएका छन् । पुनर्गठित पोखरा जिल्लाको तल दिएअनुसार दुई उपक्षेत्र हुने छ ।

| | उपक्षेत्र | मुख्य मुकाम | क्षेत्रफल | जनसङ्ख्या | गठन |
|---|---|---|---|---|---|
| १. | तनहु | बन्दिपुर | ७०० | १.२१ | हालका सारा जनसङ्ख्या ब्लकहरू |
| २. | कास्की | पोखरा | ८०० | १.७० | स्याङ्जाको पर्वत थुम कास्कीमा गाभिएको छ । |

**गण्डक क्षेत्र**

| | |
|---|---|
| जिल्ला | गोरखा |
| मुख्यमुकाम | गोरखा |
| क्षेत्रफल | २४७ वर्गमिल |
| जनसङ्ख्या | ३.२० लाख |

स्वयं जिल्ला भएर रहन हालको गोरखा जिल्ला ज्यादै सानु छ । यसकारण पोखराको उपजिल्ला पश्चिमी साँध मादी नदीसम्मको जम्मै लमजुङ एउटा क्षेत्र भएर गोरखामा मिल्नुपर्छ भन्ने सुझाव दिइएको छ । यो बृहत् गोरखा जिल्लाको एक उपक्षेत्र बन्ने छ । मनाङ भोट र तीन गाउँ भोट पस्ने बाटो लमजुङबाट मात्र भएकोले यी दुई भोटहरू जोडी अर्को उपक्षेत्र बनाएर एउटा चक्ला मिलेको जिल्ला बनाउन लमजुङ साथसाथै गोरखामा गाभ्ने सुझाव दिइन्छ । यो तेस्रो उपक्षेत्रको ७०० वर्गमिलको क्षेत्रफल र ४५,००० को जनसङ्ख्या हुने छ । यस उपक्षेत्रको जनसङ्ख्या थोरै हुने छ तापनि उत्तरमा यसको सुरक्षाको दृष्टिकोणबाट महत्त्वपूर्ण स्थान भएकोले उपक्षेत्र भएर रहनु मनासिब ठहर्छ ।

| | उपक्षेत्र | मुख्य मुकाम | क्षेत्रफल | जनसङ्ख्या | गठन |
|---|---|---|---|---|---|
| १. | गोरखा | गोरखा | ९७१ | १.४२ | वर्तमान गोरखा जिल्ला सबै । |
| २. | लमजुङ | कुन्छा | ८०० | १.३३ | पश्चिमी साध मादी गरी जम्मै लमजुङ जिल्ला । |
| ३. | मनाङ भोट | मनाङ भोट | ७०० | .४५ | पोखरा जिल्लाका मनाङ भोट र तीन गाउँ भोट या भ्राका थुमहरू । |

# ५. कपिलवस्तु क्षेत्र

प्युठानमा मुख्य मुकाम भई कपिलवस्तु क्षेत्र कपिलवस्तु (खजहनी-शिवराज तथा दाङ देउखुरी), बागलुङ, गुल्मी र प्युठान चार जिल्लाहरूको बनेको छ । अन्दाजी १० लाखको जनसङ्ख्यासहितको ८,८०० वर्गमिलको क्षेत्रफल यसको हुने छ । यस क्षेत्रका १० उपक्षेत्रहरू हुने छन् । उत्तरमा तिब्बतसम्म र दक्षिणमा उत्तर प्रदेशसम्म यो जिल्ला फैलिएको छ ।

| **कपिलवस्तु** | |
|---|---|
| जिल्ला | कपिलवस्तु |
| मुख्य मुकाम | बहादुरगन्ज |
| क्षेत्रफल | १५१४ वर्गमिल |
| जनसङ्ख्या | २.३९ लाख |

उत्तरपश्चिम दाङ देउखुरीबाट, पूर्व शिवराज खजहनीबाट र उत्तर प्युठान एवं छिमेकका पहाडी इलाकाबाट आएका बाटाहरू बहादुरगन्जमा मिल्ने भएको यस्तो यातायातको रूपरेखा ध्यानमा राखी मुख्य मुकाम बहादुरगन्ज गराई दाङ देउखुरी र शिवराज खजहनी एउटै जिल्ला गराएर जोड्नु हितकर ठानियो । घोराही र बहादुरगन्ज क्रमशः मुख्य मुकाम गराई दाङ देउखुरी तथा खजहनी शिवराज यस जिल्लाको दुई उपक्षेत्र गराउने सुझाव दिइन्छ ।

| | उपक्षेत्र | मुख्य मुकाम | क्षेत्रफल | जनसङ्ख्या | गठन |
|---|---|---|---|---|---|
| १. | दाङ | घोराही | ८६४ | .८९ | हालको दाङ देउखुरी उपजिल्ला सबै । |
| २. | खजहनी | बहादुरगन्ज | ६५० | १.५० | अहिलेको खजहनी शिवराज जिल्ला जम्मै । |

| **कपिलवस्तु क्षेत्र** | |
|---|---|
| जिल्ला | बागलुङ |
| मुख्य मुकाम | बागलुङ |
| क्षेत्रफल | ३,२०० वर्गमिल |
| जनसङ्ख्या | २.३० लाख |

१३,००० जनसङ्ख्या भएको जुम्ला जिल्लाको तिब्रिकोट यस जिल्लामा थपिएको छ । अन्यथा आफ्ना हालका जनसङ्ख्या ब्लकहरूसहित यो जस्ताको तस्तै रहन्छ । यताबाट तिब्रिकोट बढी सुगमताले पुग्न सकिन्छ । धवलागिरी र विस्तृत तर पातलो बस्ती भएको छार्का राखु र मुस्ताङ उच्च पहाडी प्रदेशहरूले आच्छादित यो एउटा निकै ठूलो बेछाँटसित पसारिएको जिल्ला हो । पातलो बस्ती भएको हो तापनि छार्का र राखु मुस्ताङ झन् राम्रो नियन्त्रणको निम्ति छुट्टै उपक्षेत्र बनाइएका छन् । तेस्रो उपक्षेत्र बागलुङ हुने छ । आफ्ना थुमहरूसहित उपक्षेत्रहरू तल दिइएका छन् ।

| | **उपक्षेत्र** | **मुख्य मुकाम** | **क्षेत्रफल** | **जनसङ्ख्या** | **गठन** |
|---|---|---|---|---|---|
| १. | मुस्ताङ | टुकुचे | १,२०० | .२१ | राखु र मुस्ताङ |
| २. | छार्का | तिन्जोगाउँ | १,१०० | .३४ | छार्का, सात गाउँ, आठ बजार, जुम्लाको तिब्रिकोट भाग । |
| ३. | बागलुङ | बागलुङ | ७०० | १.२२ | निसिमुजी, ताकुम र बागलुङ । |

**कपिलवस्तु क्षेत्र**

| | |
|---|---|
| जिल्ला | गुल्मी |
| मुख्य मुकाम | गुल्मी |
| क्षेत्रफल | ३,००० वर्गमिल |
| जनसङ्ख्या | २.३५ लाख |

जिल्लाको साँधसिमानामा कुनै परिवर्तन छैन । प्रशासनार्थ यी तीन उपक्षेत्रहरूमा विभाजित भएको छ । यो बाक्लो बस्ती भएको पहाडी प्रदेश हो । आफ्ना थुमहरूसहित उपक्षेत्रहरू तल दिइएका छन् ।

| | **उपक्षेत्र** | **मुख्य मुकाम** | **क्षेत्रफल** | **जनसङ्ख्या** | **गठन** |
|---|---|---|---|---|---|
| १. | गुल्मी | गुल्मी | ९०० | १.२८ | वार गुल्मी र पार गुल्मी । |
| २. | गलकोट | गलकोट | १००० | १.१३ | इस्मा, मुसिकोट र गलकोट । |
| ३. | अर्घा | अर्घा | १२०० | .९७ | घुरकोट, अर्घा र खाँची । |

**कपिलवस्तु क्षेत्र**

| | |
|---|---|
| जिल्ला | प्युठान |
| मुख्य मुकाम | प्युठान |
| क्षेत्रफल | १,१०० वर्गमिल |
| जनसङ्ख्या | २.५३ |

सल्यानबाट जान गाह्रो भएकोले ४३,००० जनसङ्ख्या भएको सल्यानको नौ सय, सात सय र आठ हजार थुमहरू प्युठानमा सार्ने सुझाव गरिएको छ । प्युठानबाट यिनलाई झन्

सजिलो नियन्त्रण गर्न सकिन्छ । प्युठानको यसरी परिवर्तित जिल्ला झन् राम्रो नियन्त्रणको निम्ति उपक्षेत्रहरूमा बाँडिने छ । आफ्ना थुमहरूसहित उपक्षेत्रहरू तल दिए जस्तै हुने छन् ।

| | उपक्षेत्र | मुख्य मुकाम | क्षेत्रफल | जनसङ्ख्या | गठन |
|---|---|---|---|---|---|
| १. | प्युठान | प्युठान | ६०० | १.३७ | बाइसखुवा, नारीकोट र भित्रिकोट । |
| २. | स्वर्गद्वारी | स्वर्गद्वारी | ५०० | १.३६ | भाडी खोला, उदयपुर, कालाशेष र सल्यान जिल्लाका सात सय, नौ सय र आठ हजार थुमहरू । |

# ६. कर्णाली क्षेत्र

कर्णाली क्षेत्रको मुख्य मुकाम नेपालगन्ज हुने छ । यो नेपालगन्ज, दैलेख, हुम्ला, जुम्ला, जाजरकोट र सल्यान छ जिल्लाले बनेको छ । आठ लाखभन्दा बढी जनसङ्ख्या तथा १०,००० वर्गमिलभन्दा बढी क्षेत्रफल यसको हुने छ । यो उत्तर तिब्बतसम्म र दक्षिणमा उत्तर प्रदेशसम्म फैलिएको छ । यसका बाह्र उपक्षेत्रहरू हुने छन् ।

| **कर्णाली क्षेत्र** | |
|---|---|
| जिल्ला | सल्यान |
| मुख्य मुकाम | सल्यान |
| क्षेत्रफल | १,३०० वर्गमिल |
| जनसङ्ख्या | २.२५ लाख |

हालको सल्यान जिल्ला ज्यादै असम्भारको छ । तुच्छ यातायात भएको पहाडी जिल्लामा सजिलोसित व्यवस्था गर्न ज्यादै ठूलो हुने ३,२२१ वर्गमिलको यसको क्षेत्रफल छ । सालमा धेरै जसो तर्न नसकिने भेरी नदीले यस जिल्लालाई दुई भागमा बाँडेको छ । भेरी नदीको धारैधार सिमाना पारेर जिल्लालाई दुई जिल्लामा बाँड्न सुझाव दिइएको छ । आवागमन ज्यादै मुस्किल पर्ने ४३,००० जनसङ्ख्या भएको नौ सय, सात सय र आठ हजार थुमहरू बढी सुगमताले नियन्त्रण गर्न सकिने सानु पयुठान जिल्लामा सारिने छन् र सोही कारण २,००० बस्ती भएको आधी गुर्वकोट थुम नेपालगन्ज जिल्लामा सारिने छ । सल्यानको नयाँ जिल्लामा तलका थुमहरू हुने छन् ।

मुसिकोट रोल्पा, पाँच थपोला, बनगाढ, बडागाउँ, माल्टा, चारखुवा, पाँच गाउँ, लेख, निगल चुला, चारदई, लक्ष्मीपुर, सानागाउँ, स्याङकोट, कोर्वाग, कालीमाटी, फलावाङ, स्यालदही र पूर्वी गूर्वकोट ।

प्रशासनार्थ यस जिल्लालाई थुमहरूसमेत खुलाइएका तलका दुई उपक्षेत्रमा बाँडिएको छ ।

| | **उपक्षेत्र** | **मुख्य मुकाम** | **क्षेत्रफल** | **जनसङ्ख्या** | **गठन** |
|---|---|---|---|---|---|
| १. | सल्यान | सल्यान | ६५० | १.२ | रोल्पा उपक्षेत्रमा गएकाबाहेक अरू थुमहरू |
| २. | रोल्पा | मुसिकोट | ६५० | १.१३ | मुसिकोट रोल्पा, पाँच थपोला, वन गाढ, माल्टा र लेख |

**कर्णाली क्षेत्र**

| | |
|---|---|
| जिल्ला | जाजरकोट |
| मुख्य मुकाम | जाजरकोट |
| क्षेत्रफल | १,३०० वर्गमिल |
| जनसङ्ख्या | १.२५ लाख |

वर्तमान सल्यान जिल्ला ज्यादै असम्भारको छ । सजिलोसित व्यवस्था गर्न ज्यादै ठूलो हुने ३,२२१ वर्गमिलको यसको क्षेत्रफल छ । यो जिल्लामा पुरानु सल्यान जिल्लाको तल लेखिएका थुमहरू पर्छन् ।

मुजकोट, सत्तिन्यान, चैन्यान, सारू, वरेकोट, तल्ल, कुर्ता, गोताम, वाफी रूकुम, आठबिस, वारगाउँ, खगेना, मुल्ला, जगतिपुर, कुतु, अन्दरकोट र थाला ।

नयाँ जिल्ला बनाउँदा यातायातका रेखाहरू र अरू सुविधाहरू ध्यानमा राखिएका छन् । आफ्नो नाम अगाडि थुमहरूसहित तल दिइएका दुई उपक्षेत्रमा जिल्ला बाँडिएको छ ।

| | **उपक्षेत्र** | **मुख्य मुकाम** | **क्षेत्रफल** | **जनसङ्ख्या** | **गठन** |
|---|---|---|---|---|---|
| १. | रूकुम | रूकुमकोट | ६५० | .५६ | रूकुम, वाफी, गौताम, आठबिसे, गिन्ता खगेना र ताल्लु |
| २. | जाजरकोट | जाजरकोट | ६५० | .६९ | मुजकोट, सत्तियन, चैन्यान, सारू, वरेकोट, चारगाउँ, मुल्ला, जोमतीपुर, कुतु, अन्दरकोट र थाला |

**कर्णाली क्षेत्र**

| | |
|---|---|
| जिल्ला | जुम्ला |
| मुख्य मुकाम | जुम्ला |
| क्षेत्रफल | २,३०० वर्गमिल |
| जनसङ्ख्या | १.०४ लाख |

उच्च पहाडी श्रेणीहरूले गर्दा गाह्रो यातायात भएको ज्यादै ठूलो जुम्ला जिल्ला भएकोले कुनै एक जिल्ला बडाहाकिमले यो घुम्नु तथा नियन्त्रणमा राख्नु सम्भव छैन । उत्तरतिरको हुम्लाले एक किसिमले ध्यानै पाएको छैन । यसकारण मलिका, धुरेतु, चिमाना लेखहरू तथा

पूर्वपश्चिम गएको शिशु हिमालको साँधमा यस जिल्लालाई दुई फ्याक पार्न मन्जुरी भयो । यो नयाँ खडा गरिएको जुम्ला जिल्लाको अझै २,३०० वर्गमिलको ज्यादै विशाल क्षेत्र हुने छ । १३,००० जनसङ्ख्या भएको तिब्रिकोट डाँडा भने झिकिने छ र बढी सुगम यातायातले सम्बन्ध बागलुङ जिल्लामा थपिने छ । नवनिर्मित जिल्ला फेरि प्रशासनार्थ आफ्नो नाम अगाडि डाँडाहरूसहित तल दिइएका दुई उपक्षेत्रहरूमा विभाजित भएका छन् ।

| | उपक्षेत्र | मुख्य मुकाम | क्षेत्रफल | जनसङ्ख्या | गठन |
|---|---|---|---|---|---|
| १. | जुम्ला | जुम्ला | १२०० | .३० | पाँच सय डाँडा, असीडाँडा र चौधबिसे डाँडा । |
| २. | कर्णाली | मान्मा | ११०० | .७४ | पलाँता डाँडा, (बाह्रबिसे र कालिकोट) राकल सन्नी रासकोट र सिजा । |

**कर्णाली क्षेत्र**

| | |
|---|---|
| जिल्ला | हुम्ला |
| मुख्य मुकाम | रारा |
| क्षेत्रफल | २,७०० वर्गमिल |
| जनसङ्ख्या | ०.४८ लाख |

यो पुरानु हुम्ला जिल्लाबाट हालै बनेको जिल्ला हो । यसको २,७०० वर्गमिलको ठूलो क्षेत्रफल छ तर पातलो बस्तीको छ । प्रशासनार्थ आफ्नो नामअघि डाँडाहरूसहित तल दिइएका दुई उपक्षेत्रहरूमा विभाजित भएका छन् ।

| | उपक्षेत्र | मुख्य मुकाम | क्षेत्रफल | जनसङ्ख्या | गठन |
|---|---|---|---|---|---|
| १. | हुम्ला | हुम्ला | १,५०० | .१७ | जुम्लाको वर्तमान हुम्ला उपजिल्ला । |
| २. | मुगुकर्णाली | रारा | १२०० | .३१ | गाल्वा, सोरू, खत्याउ दर्रा, गाम,केरान र मुगु । |

**कर्णाली क्षेत्र**

| | |
|---|---|
| जिल्ला | दैलेख |
| मुख्य मुकाम | दैलेख |
| क्षेत्रफल | १,१६६ वर्गमिल |
| जनसङ्ख्या | १.९२ लाख |

भेरी नदीले छुट्ट्याएकोले नेपालगन्जलाई दिएको भेरीपार दराबाहेक यो जिल्ला जस्ताको तस्तो छोडिएको छ । वर्तमान जिल्ला भेरी र कर्णाली दुई ठूला नदीहरूको बीचमा पर्छ । प्रशासनार्थ आफ्ना नामअघि दरासहित तल दिएका दुई उपक्षेत्रहरूमा बाँडिएको छ ।

| | उपक्षेत्र | मुख्य मुकाम | क्षेत्रफल | जनसङ्ख्या | गठन |
|---|---|---|---|---|---|
| १. | दैलेख | दैलेख | ४०० | .७९ | आठबिस दरा, माझखण्ड दरा र डाँडा दरा |
| २. | सुर्खेत | सुर्खेत | ५०० | .६५ | कट्टी दरा, चिनगढ दरा, सिमा दरा, सुर्खेत र पन्द्रबिसे दरा । |

**कर्णाली क्षेत्र**

| | |
|---|---|
| जिल्ला | नेपालगन्ज |
| मुख्य मुकाम | नेपालगन्ज |
| क्षेत्रफल | १,४०० वर्गमिल |
| जनसङ्ख्या | १.४४ लाख |

बाँके बर्दिया जिल्ला परिवर्तित जिल्ला हुने छ । कालिमाटी टिपको पश्चिमको सल्यानको गर्वुकोट थुमको आधा भाग र २,००० जनसङ्ख्या भएको दैलेखको भेरीपार दरा जम्मै यस जिल्लामा थपिएका छन् । किनकि ती भेरी नदीले पुरानु मूल जिल्लाबाट छुट्ट्याइएका छन् र यसकारण बाँकेबाट बढी सुगमताले पुगिन्छन् । प्रशासनार्थ यो पुनर्निर्मित्त जिल्ला तल दर्साएको झैँ दुई उपक्षेत्रमा बाँडिएका छन् ।

| | उपक्षेत्र | मुख्य मुकाम | क्षेत्रफल | जनसङ्ख्या | गठन |
|---|---|---|---|---|---|
| १. | बाँके | नेपालगन्ज | ८०० | ०.८६ | सल्यानको गुर्वकोटको पश्चिममार्थ तथा दैलेखको भेरीपार दरा यो उपक्षेत्रमा गाभिएको छ । |
| २. | बर्दिया | राजापुर | ६०० | ०.५८ | वर्तमान उपजिल्ला जम्मै । |

## ७. महाकाली क्षेत्र

डोटीमा मुख्य मुकाम भई महाकाली क्षेत्र डोटी, बझाङ, धनगढी (कैलाली कञ्चनपुर) र महाकाली (डडेलधुरा र बैतडी) चार जिल्लाहरूले बनेको छ । अन्दाजी ७ लाख जनसङ्ख्या र यसको ७,२०० वर्गमिलको क्षेत्रफल हुने छ । यो उत्तरमा तिब्बत, दक्षिण र पश्चिममा उत्तर प्रदेश तथा पूर्वमा कर्णाली क्षेत्रले घेरिएको छ । यो ९ उपक्षेत्रमा बाँडिएको छ ।

**महाकाली क्षेत्र**

| | |
|---|---|
| जिल्ला | डोटी |
| मुख्य मुकाम | सिलगढी |
| क्षेत्रफल | १,९०० वर्ग मिल |
| जनसङ्ख्या | २.७१ लाख |

३,८०० वर्गमिलभन्दा बढी क्षेत्रफल भएको डोटी अर्को असम्भारको जिल्ला हो । यसको ज्यादै कम यातायात छ र यसकारण एउटा जिल्ला बडाहाकिमले भ्रमण र नियन्त्रण गर्नु असम्भव छ । यसकारण डोटीलाई डोटी र बझाङ दुई जिल्लामा बाँड्ने प्रस्ताव गरिन्छ । पुनर्निर्मित डोटी जिल्लामा हालको अछाम, दैलेख अछाम र पुरानु जिल्लाका डोटी थुमहरू हुने छन् । प्रशासनको सुविधार्थ नयाँ पुनर्निर्मित डोटी जिल्ला आफ्नो नाम अगाडि थुमहरू दिइएका तलका दुई उपक्षेत्रहरूमा विभाजित हुने छन् ।

| | **उपक्षेत्र** | **मुख्य मुकाम** | **क्षेत्रफल** | **जनसङ्ख्या** | **गठन** |
|---|---|---|---|---|---|
| १. | डोटी | सिलगढी | ११०० | १.२६ | वर्तमान डोटीका सबै जनसङ्ख्या ब्लकहरू । |
| २. | अछाम | रिरिकोट | ८०० | १.४५ | अछाम र दैलेख, अछाम जनसङ्ख्या ब्लकहरू |

**महाकाली क्षेत्र**

| | |
|---|---|
| जिल्ला | बझाङ |
| मुख्य मुकाम | बझाङ |
| क्षेत्रफल | १,९०० वर्गमिल |
| जनसङ्ख्या | १.३५ लाख |

ज्यादै ठूलो र व्यवस्था गर्न गाह्रो डोटी जिल्लाबाट यो जिल्ला निकालिएको छ । बझाङतर्फबाट बढी सुगमताले पुग्न सकिने सेती नदीले काटी छुट्ट्याएको डोटीको उत्तरपश्चिमको सुर्को वर्तमान बझाङमा गाभिएको छ । यो नयाँ जिल्लालाई तल दिइएको अधिकार क्षेत्र भएको दुईटा उपक्षेत्रमा विभाजन गरिएको छ ।

| | **उपक्षेत्र** | **मुख्य मुकाम** | **क्षेत्रफल** | **जनसङ्ख्या** | **गठन** |
|---|---|---|---|---|---|
| १. | बझाङ | बझाङ | १००० | .८३ | डोटीको पातालधार, धनधार र सिकधार सम्मिलित उत्तरपश्चिम डोटीको सुर्को र वर्तमान बझाङ । |
| २. | बाजुरा | बाजुरा | ९०० | .५२ | बाजुरा र थलारा । |

**महाकाली क्षेत्र**

| | |
|---|---|
| जिल्ला | धनगढी |
| मुख्य मुकाम | धनगढी |
| क्षेत्रफल | १,४९७ वर्गमिल |
| जनसङ्ख्या | .९३ लाख |

यो जिल्ला जस्ताको तस्तो छोडिएको छ । हालको माल अड्डाको इलाका दुई उपक्षेत्र बन्ने छन् ।

| | **उपक्षेत्र** | **मुख्य मुकाम** | **क्षेत्रफल** | **जनसङ्ख्या** |
|---|---|---|---|---|
| १. | कैलाली | धनगढी | ८८६ | .७६ |
| २. | कञ्चनपुर | विलौरी | ६११ | .१७ |

**महाकाली क्षेत्र**

| | |
|---|---|
| जिल्ला | महाकाली |
| मुख्य मुकाम | बैतडी |
| क्षेत्रफल | १,९८२ वर्गमिल |
| जनसङ्ख्या | २.०० लाख |

बैतडी र डडेलधुरा सिमाना जिल्लाहरू एउटै प्रशासकीय जिल्ला बैतडी बनाउन जोडिएका छन् । हालको डडेलधुरा जिल्ला ज्यादै सानु छ र पुनर्निर्मित जिल्लाको एक उपक्षेत्र बन्ने छ । १,४०० वर्गमिलभन्दा बढी क्षेत्रफल भएको बैतडीलाई आफ्ना नामको अगाडि दराहरू लेखिएका तल दिइएका दुई उपक्षेत्रमा बाँडिएको छ ।

| | **उपक्षेत्र** | **मुख्य मुकाम** | **क्षेत्रफल** | **जनसङ्ख्या** | **गठन** |
|---|---|---|---|---|---|
| १. | डडेलधुरा | डडेलधुरा | ५६६ | .७० | वर्तमान जिल्ला जम्मै |
| २. | बैतडी | बैतडी | ७०० | .८२ | मल्लो, सोराड, बैतडी, धिमक र पुरचोडी दराहरू |
| ३. | चम्वा | दार्चुला | ७०० | .५१ | लेकम, मार्मा, दुँहु र व्यास दराहरू । |